महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
बटेश्वर गाउँपालिका
धनुषा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

२०७९ आषाढ

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं. ३८८

मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
बटेश्वर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
धनुषा ।

कैफियत सहितको राय

हामीले बटेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. १६ करोड २० लाख १९ हजार बेरुजू देखिएकोमा प्रतीकृया, प्रमाण पेश भएको छैन । उक्त बेरुजु मध्ये असुल गर्नुपर्ने रू. ५९ लाख ३२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ९ करोड १९ लाख १८ हजार, नियमित गर्नुपर्ने रू. ६ करोड १० लाख ८१ हजार र पेश्की रू. ३० लाख ८८ हजार रहेको छ । पालिकाको गतवर्ष रु. १० करोड १० लाख २२ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. २६ करोड ३० लाख ४१ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पदम राज पौडेल)
नायब महालेखापरीक्षक

बटेश्वर गाउँपालिका

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
६६	८१	१६२०१९	०	०	०	६६	८१	१६२०१९	५९३२	६१०८१	९१९१८	०	०	१५२९९९	३०८८

अद्यावधिक बेरुजू स्थिति
२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
धनुषा	१०१०२२	०	०	१०१०२२	०	१६२०१९	२६३०४१

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : बटेश्वर गाउँपालिका, धनुषा , बटेश्वर गाउँपालिका , धनुषा

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	रामजी जोशी	२०७८-४-१८	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	रुद्र नारायण यादव	२०७७-५-२५	२०७८-४-१७
कार्यालय प्रमुख	सावन कुमार चौधरी	२०७७-४-१	२०७७-५-२४
लेखा प्रमुख	सुमन कुमार पुरी	२०७७-४-१	
		बेरुजु रकम	१६२,०१८,५६५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१४,९६,०४,०४८	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२४,५०,२७,२०८	**चालु खर्च**	१८,९१,४१,२२६
प्रदेश सरकारबाट अनुदान	१,९९,४१,०००	**पूँजीगत खर्च**	११,०२,७४,४०२
राजश्व बाँडफाँट	६,१५,५३,७५४.०१	**वित्तीय/अन्य व्यवस्था**	५,२९,७३,१४७
आन्तरिक आय	२०,००,४९९.९९		
अन्य आय	५,३४,६६,५५५		
कुल आय	३८,१९,८९,०१७	**कुल खर्च**	३५,२३,८८,७७५
बाँकी मौज्दात		१७,९२,०४,२९०	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>छलफल
उल्लेखित आर्थिक कारोबारको स्वीकृत समष्टीगत तथा ईकाइगत लेखापरीक्षण योजना, कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरु, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधारमानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५; लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेतका अधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरुसँग मिति २०७८।10।03 मा छलफल गरी कायम भएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>परिचय
परिचय स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, २९ सभा सदस्य, ३1.5 वर्ग किलोमिटर क्षेत्रफल तथा २४ हजार १७५ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>वित्तीय प्रतिवेदन
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । पालिकाले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । जसका कारण गतवर्षको मौज्दात भिडान गर्न सकिएन । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहायबमोजिम छन् । • स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसका कारण पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । • स्थानीय कोषको संचालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरी केही व.उ.शी.नं. को लेखापालन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।
<table>
<tr><td rowspan="2">विवरण</td><td rowspan="2">टिप्पणी</td><td colspan="4">यस वर्ष रु.</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
					बजेट	आफैले गरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा	
			प्राप्ती (क+ख)		३४,७५,३८,९९३	३३,६७,१४,९७२		३३,६७,१४,९७२	
			क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		३३,४९,९५,६६०	३२,९९,५४,६१२.५०	०	३२,९९,५४,६१२.५०	
			११००० कर	११	६,०४,६४,१२०	६,३३,२१,८५९.७७	०	६,३३,२१,८५९.७७	
			१३००० अनुदान		२७,३३,०१,५४०	२६,४९,६८,२०८	०	२६,४९,६८,२०८	
			संघीय सरकार	१२	२५,३३,६०,५४०	२४,५०,२७,२०८	०	२४,५०,२७,२०८	
			प्रदेश सरकार	१२	१,९९,४१,०००	१,९९,४१,०००	०	१,९९,४१,०००	
			१४००० अन्य राजस्व		१२,३०,०००	१६,६४,५४४.७३	०	१६,६४,५४४.७३	
			ख. अन्य प्राप्ति		१,२५,४३,३३३	६७,६०,३५९.५०		६७,६०,३५९.५०	
			वितरण गर्न बाकी राजस्व		०	२५,४३,८२५	०	२५,४३,८२५	
			कोषहरु		१,२५,४३,३३३	३२,४४,२६५.५०	०	३२,४४,२६५.५०	
			धरौटी		०	९,७२,२६९	०	९,७२,२६९	
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	
			भुक्तानी (ग+घ)		५०,८४,१३,९९३	३१,१५,७०,६७४		३१,१५,७०,६७४	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
			ग. भुक्तानी (सञ्चित कोषबाट)		४९,५८,७०,६६०	३०,८७,२३,८१७		३०,८७,२३,८१७	
			२१००० पारिश्रमिक / सुविधा	१८	८,६०,०४,५४०	८,१५,५९,६५०	०	८,१५,५९,६५०	
			२२००० मालसामान तथा सेवाको उपयोग	१८	८,१४,१०,०००	४,४८,८२,७९२	०	४,४८,८२,७९२	
			२५००० सहायता (Subsidy)	१८	४,७९,५७,०००	३,६१,०१,६४७	०	३,६१,०१,६४७	
			२६००० अनुदान	१८	१०,३४,०००	०	०	०	
			२७००० सामाजिक सुरक्षा	१८	१,०७,२४,०००	५०,७७,१५१	०	५०,७७,१५१	
			२८००० अन्य खर्च	१८	२,२४,००,१२०	२,१५,१९,९८६	०	२,१५,१९,९८६	
			३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	२४,६३,४१,०००	११,९५,८२,५९१	०	११,९५,८२,५९१	
			घ. अन्य भूक्तानी		१,२५,४३,३३३	२८,४६,८५७		२८,४६,८५७	
			कोषहरु		१,२५,४३,३३३	१७,५५,२२०	०	१७,५५,२२०	
			धरौटी		०	११,४७,००४	०	११,४७,००४	
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	
			कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			-५५,३६७		-५५,३६७	
			ङ. यो वर्षको बचत (न्युन)		(१६,०८,७५,०००)	२,५१,४४,२९८		२,५१,४४,२९८	
			च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			३०,५२,५८५		३०,५२,५८५	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td></td><td>(१६,०८,७५,०००)</td><td>२,८१,९६,८८३</td><td></td><td>२,८१,९६,८८३</td></tr>
</table>
क)कार्यालयले गतवर्षको बैंक मौज्दात जिम्मेवारी सार्ने क्रममा निम्न अनुसार फरक जिम्मेवारी सारेकोले सुत्र अनुसारको वित्तीय प्रतिवेदनले बैंक मौज्दात सम्बन्धमा यथार्थ प्रतिवेदन गर्दैन ।
<table>
<tr><th>कार्यालयले जिम्मेबारी सारेको बैक मौज्दात</th><th>सुत्रमा जिम्मेबारी सारेको बैक मौज्दात</th><th>सुत्र तथा कार्यालयले सारेको जिम्मेवारीमा परेको फरक</th></tr>
<tr><td>१४९६०४०४८</td><td>३०५२५८५</td><td>१४६५५१४६३</td></tr>
</table>
ख)सुत्र अनुसारको प्रतिबेदनले निम्न कारोबारको प्रतिनिधित्व गर्दैन
<table>
<tr><th>सिन</th><th>शिर्षक</th><th>खर्च रकम रु</th></tr>
<tr><td>१</td><td>सामाजिक सुरक्षा</td><td>४४६१६८६७</td></tr>
<tr><td>२</td><td>स्थानिय पुर्वाधार बिकास साझेदारी कार्यक्रम</td><td>४५०००००</td></tr>
<tr><td></td><td></td><td>४९१६८६७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td> बैक हिसाव मिलान विवरण
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २077 को नियम 73(3) मा प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको २१ दिन भित्र खर्चको फाँटवारी, फछ्यौंट हुन बाँकी पेश्कीको विवरण, राजश्व र धरौटीको विवरण, राजश्वको बैंक हिसाबको विवरण, सम्पत्ति तथा प्रतिवद्धताको विवरण र बेरुजुको विवरण तयार गरी कोष तथा लेखा नियन्त्रक कार्यालय र तालुक निकायमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालयले बैंक हिसाव विवरण तयार नगरेको कारणले बैंक मौज्दात यथार्थपरक भएको सुनिश्चित भएन । बैंकको स्टेटमेन्ट अनुसार २०७८ आषाढ मसान्तमा रु. १४,९५,८८,५३२।०० मौज्दात देखाएकोमा श्रेस्ता अनुसार रु. १७९२०४२९० मौज्दात देखिएकोले श्रेस्तामा भन्दा बैंकमा रु. ३२८४०४५८ घटी मौज्दात देखिएको छ। यसरी श्रेस्ता र बैंक मौज्दातमा देखिएको फरक सम्बन्धमा छानविन गरी बैंक हिसाव मिलान विवरण तयार गरी यकिन गर्नुपर्ने रु.. </td><td>२९,६१५,७५८</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५			**बजेट पेश, पारित र अख्तियारी** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री प्रमिला देवीले २०७७।३।10 गते रु. ४८ करोड ३६ लाख १० हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।५।५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका अध्यक्षले २०७६।५।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । वडा कार्यालयहरुलाई अख्तियारी दिएको पाइएन । नियमानुसार समयमा वजेट पेश गरी पारित गर्नुपर्दछ ।	
६			**बरबुझारथ** आर्थिककार्यविधि नियमावली २०६४ को नियम ५५ अनुसार बरबुझारथ गरी नियम 56 बमोजिम बरबुझारथको प्रमाणपत्र लिनु/दिनु पर्ने व्यवस्था छ । गाउँपालिकामा कर्मचारी सरुवा भई जाँदा तथा आउँदा बरबुझारथ गर्ने गरेको पाइएन । नियमानुसार बरबुझारथ गर्ने गराउने व्यवस्थाको अवलम्वन गर्नुपर्दछ ।	
७			**विवरण** गाँउपालिकाको कार्यलयसँग मिति २०७८।९।२८ मा लेखापरीक्षणको क्रममा फारम न १ देखी १० तथा स्थानिय तहको फारमहरु भरी पेश गर्न अनुरोध गरेकोमा पेश हुन आएन । तसर्थ उक्त ब्यहोराउपर थप बिश्लेशण गर्न सकिएन।	
८			**कन्टिन्जेन्सी** आयोजना संचालनमा उपभोक्ता समितिलाई जानुपर्ने रकममध्ये ३ प्रतिशत कन्टिन्जेन्सी कट्टि गरी भुक्तानी गरेको अवस्था छ । आर्थिक वर्ष २०७७।७८ मा कार्यालयले कन्टिन्जेन्सीको छुट्टै खाता व्यवस्थित नगरेबाट कन्टिन्जेन्सीको आम्दानी तथा खर्च रकम यकिन गर्न सकिएन । कन्टिन्जेन्सी खाताको अभिलेख व्यवस्थित गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९			**योजना छनोट** योजना छनौट - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ को उपदफा ४ अनुसार पालिकाहरुले आवधिक वार्षिक रणनीतिगत विषयको योजना वनाउदा मध्यकालीन तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुमा लगानी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोही ऐनको दफा २४ को उपदफा १० अनुसार पालिकाले स्थानीय स्तरका विकास आयोजनाको आवश्यक अध्ययन अनुसन्धान तथा प्रभाव मूल्याकंन कार्य गर्न सक्ने व्यवस्था रहेको छ । तर पालिकाले यस वर्ष पुजिगत तर्फ रु.११ करोड ३ लाख पुजिगत खर्च गरेकोमा अधिकाँश योजना रु.५ लाख भन्दा घटीको आयोजना स्वीकृत गरेको छ । योजना सम्बन्धमा थप बिबरण माग गर्दा पेश हुन आएन। ती आयोजनाहरु दीर्घकालीन प्रकृतिका नदेखिएकाले पालिकाले मध्यम र ठूला आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्नु पर्दछ ।	
१०			**बैंक दाखिला** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९(६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । स्थानीय तह अन्तरगतका कतिपय वडाहरुले मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११			**सफ्टवेयर खरिद तथा प्रयोग** सफ्टबेयर खरिद तथा प्रयोग सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले रु.१ लाख भन्दा बढिको कुनै पनि खरिदमा तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी निम्न अनुसारको सफ्टवेयरहरु खरिदगर्दा तीन वटा फर्मसँग खुला रुपमा माग गरी कम अँक कवोल गर्नेसँग खरिद गर्ने गरेको देखिएको छ । खरिद गरिएका ती सफ्टबेयरहरु प्रयोगमा प्रयोगमा आएको देखिएन । यसरी लागत अनुमान तयार नगरी खरिद गरेको, खररिद भएका सामग्रीहरु नआएको र खरिद कार्यको अभिलेख समेत नराखेको उक्त खर्चको औचित्य पुष्टि हुनुपर्ने रु	१,२९९,०००
१२			**खरिद योजना** खरिद योजना सार्बजनिक खरिद एन २०६४ को दफा ६ अनुसार एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक तोकिए भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरु योजना बर्नाउनपर्ने र १० लाखभन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यबस्था गरेको छ । कार्यालयले यस बर्ष पुजिगत तर्फ रु ११ करोड ३ लाख तथा चालुतर्फ रु को निर्माण तथा खरिद कार्य गरेकोमा खरिद योजना तयार पारेको देखिएन । यसरी खरिद योजना तयार नगरी खरिद कार्य गरेकोले नियम कानुनको परिपालना नभएको देखियो । नियमकानुनको परिधिभित्र रही खरिद योजना तयार गर्नुपर्दछ ।	

(क्रम ११ भित्रको तालिका)

भौ न मिति	प्रयोजन	आपुर्तक। परामर्शदाता	भुक्तानी रकम रु
३०।०७७।८।२५	सिफारिस सफ्टवेयर	जुपिटर टेक्नोलोजि	४५२०००
३०।०७७।८।२५	योजना सफ्टवेयर	सिरीजन इन्फोटेक	४५२०००
५१।०७७।८।२५	विजनेश रेजिष्ट्रेसन ट	बिजनेश रजिष्टेसन सफ्टेयर	३९५०००
			१२९९०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३			**कन्टिन्जेन्सी खर्च** **कन्टिन्जेन्सीखर्चः,** –सार्वजनिक खरिद नियमावली २०६४ को नियम१० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची १ को व्यवस्था रहेको छ।उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च२ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत खर्च गर्नेव्यवस्थारहेकोछ।कार्यालयले यस बर्ष गरेको पुजिगत खर्च अन्तर्गत ३ कन्टिन्जेन्सी खर्च लेखेकोमा सो को योजनागत अभिलेखराखेको पाइएन । नियमकानुनको परिपालना तथा परिधिभित्र रहि उक्त खर्चको अभिलेख ब्यबस्थापन हुनुपर्दछ ।	
१४			**अनुदान फिर्ता** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा प्रत्येक वर्ष महालेखा नियन्त्रक कार्यालयले फ्रिज नहुने खाता तोकिदिने र सो बाहेकका फ्रिज हुने खाताहरुको रकम साल तमाम हुनुभन्दा कम्तीमा ७ दिन अगावै खाता बन्द गरी खर्चको लेखा अद्यावधिक गरी बाँकी रहेको रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । कार्यालयले संघीय सशर्त अनुदान खर्च नभई बाँकी रहेको रु.11275133।88 र प्रदेश तर्फ रु ३१९९०९०६।00 मिति २०७८।6।1८ मा कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता दाखिला गरेको छ ।समयमै अनुदान फिर्ता दाखिला गर्नुपर्दछ ।	
१५			**न्यायीक समिति** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ७ र यो बर्ष थप भएको ५८ गरी कुल ६५ विवाद दर्ता भएकोमा ६१ फछ्र्योट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१६			**कोभिड व्यवस्थापन**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१६.१			गाउँपालिकाले प्रकोप व्यवस्थापन तर्फ रु. २४,४९,३९९।०० खर्च गरेको छ। यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन। खर्च भएको शीर्षक / भुक्तानी पाउने / खर्च रकम: जोखिम भत्ता / स्वास्थ्यकर्मीहरु / १०७४९६० क्वारेन्टाइन व्यवस्थापन / विभिन्न आपुर्तकहरु / १२०४७०९ एम्बुलेन्स भाडा / रामबाबु महतो / १६९७३० जम्मा / / २४४९३९९	
१६.२	३९	२०७७-७-१९	आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) मा प्रमाण कागजात तथा विल भरपाई राखी खर्च लेख्नुपर्ने व्यवस्था छ। पालिकाले कोभिड-१९ व्यवस्थापनको सिलसिलामा क्वारेन्टाइन खर्च भनी रु १,९५,८५०।०० भुक्तानी दिएको छ। क्वारेन्टाइन बसेका विरामीहरूको विवरण सलग्न गर्नुपर्ने रु.	१९५,८५०
१७			**आन्तरिक नियन्त्रण प्रणाली** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन। आन्तरिक नियन्त्रण प्रबर्द्धन गर्न पर्याप्त तयारी गरी गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली अनुशरण गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपसिल वमोजिम रहेका छन। • स्थानीय सरकार संचालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको पाईएन। • पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन। • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • कार्यालयको श्रेस्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन। • साविकमा रहेका विषयगत कार्यालयहरुको जिम्मामा रहेका सामानहरु हाल गाउँपालिकामा एकीकृत नगरेको, गाउँपालिकामा समाहित हुन आएका कृषि तथा	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पशु सेवा केन्द्र तथा उपकेन्द्र लगायतका साविकमा खरिद गरेका सामानहरुको एकीकृत अभिलेख राख्नुपर्ने, • कोभीडका कारण श्रेस्ताहरु फरक-फरक स्थानमा रहेको तथा खप्ने तथा खर्च भएर जाने सम्पतिको जिन्सी खाता निर्माण नगरेकोले कार्यालयको लेखा तथा जिन्सी श्रेस्ता व्यवस्थित र अद्यावधिक नभएको, • आपुर्ति भएका बस्तु तथा सेवाको गुणस्तर परीक्षण नगरेको, • जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको । • गोश्वरा भौँचर एकत्रित र व्यवस्थित नरहेको, • आन्तरिक आय व्यवस्थित नरहेको, • राजस्व संकलनमा सूचना प्रबिधि तथा सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • कार्य संचालन पछि प्रतिवेदन लिने व्यवस्था मिलाउनुपर्ने, • गाउँ कार्यपालिकाको वैठक र गाउँसभाको माइन्युट लेखापरीक्षणमा पेश भएको छैन । • पेश्की लेजर नराखेको, जिन्सी खाता अद्यावधिक र प्रमाणित नगरेको, • सहायक जिन्सी रजिष्टर नराखेको, • रसिद नियन्त्रण खाता नराखेको । • वेभसाइट अद्यावधिक नगरेको, • प्रदेश तथा संघीय कार्यालयबाट सम्पादित काम र पालिकाबाट भएका काममा दोहोरोपना भए नभएको सुनिश्चित नगरेको, • सहकारी संस्थाको तथ्यांक अद्यावधिक नगरेको, • खरिद भएका सामानको दाखिला तथा गुणस्तर सुनिश्चित गर्नुपर्ने, • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकि मूल्यांङ्कन गर्ने कार्य भएको देखिएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • खरिद आदेश, मर्मत आदेश, भ्रमण अभिलेख खाता तथा भ्रमण प्रतिवेदन नभएको । • जिन्सी व्यवस्थित नभएको तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको । • मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ-टीडिएस नगरेको पाइयो। • कुनै रकमको भुक्तानी दिँदा रीत पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको पाईएन। • पालिकाले सूचना अधिकारी नतोकेको तथा पारदर्शितामा ध्यान नदिएको, • स्थानीय सरकार संचालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महसुलको स्थानीय न्युनतम दररेट तोकेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • स्थानीय सरकार संचालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागू गर्नसक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • पालिकाले आयोजना। कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । • निजामती सेवा ऐन, 2049 वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको, • निजामती सेवा ऐन, 2049 को दफा 7 (ख) 2 वमोजिम तलवी प्रतिवेदन नगरी तलब खर्च लेखेको, • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको 2073। 12।25 को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । • इ- हाजिरी प्रयोग नगरेको, • बरबुझारथ गर्ने नगरेको, • पर्याप्त समन्वय र सहभागिता वेगर राहत वितरण गरेको, • केही जिन्सी सामानको आम्दानी बाँध्दा मूल्य नखुलाएको, दाखिला नं. बेगर जिन्सी दाखिला प्रतिवेदन तयार गरेको, • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा हालसम्म ऐन, नियमावली, कार्यविधि, निर्देशिका र नर्म्स तयार गरेको देखिएन । ऐनले तोके अनुसार कानून निर्माण गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
१८			**लक्ष्य प्रगति** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २५ र २६ मा उल्लेख भए अनुसार सम्वन्धित कार्यालयले स्विकृत गरी कार्यान्वयन गरेको कार्यक्रमको नियम २५ अनुसार चौमार्सिक एवम् वार्षिक प्रगतिको विवरण तयार गरी तालुक कार्यालयमा पठाउनुपर्ने र २६ अनुसार तालुक कार्यालयले भौतिक र वित्तीय पक्षको समिक्षा गरी प्रगति हुन नसकेकोमा सो को कारण र जिम्मेवार व्यक्ति पहिचान गरी सुधारका लागि कदम चाल्नुपर्ने व्यवस्था छ । गाँउपालिकालले आफुले संचालन गरेका कार्याक्रमको तोकएको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । नियमावलीमा भएको व्यवस्था अनुसार प्रगति विवरण तयार गरी लक्ष्य बमोजिम प्रगति हुन नसक्नाको कारणहर पहिचान गर्नुपर्दछ । यसरीइ पहिचान भएका कारणहरु आगामी वर्ष सुधार गरी योजना तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९			**विपद व्यवस्थापन** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र संचालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।	
२०			**जिन्सी खाता** आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ४६ र ४७ मा कार्यालयले खरिद गरी वा अन्य कुनै प्रकारले प्राप्त गरेको जिन्सी मालसामान एक वर्ष भन्दा वढी खप्ने प्रकृतिको भए म.ले.प.फारम नं. ४७ खप्ने जिन्सी खातामा आम्दानी जनाई अभिलेख राख्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाले लेखापरीक्षणको क्रममा जिन्सी श्रेष्ता पेश गरेको छैन । जिन्सी श्रेस्ता पेश नहुँदा खरिद भएको जिन्सी सामानको अवस्था तथा दाखिला भए नभएको भिडान गर्न सकिएन । कार्यालयमा हालसम्म खरिद गरेको जिन्सी सामानको अवस्था खुलाई जिन्सी श्रेस्ता अद्यावधिक गरी जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्दछ । साथै सहायक जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।	
२१			**लक्ष्य प्रगति** आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्ब नियमाबली २०७७ को नियम ८१ मा कार्यालयको विनियोजन, राजस्व, धरौटी जिन्सी र अन्य कारोबारको स्रेस्ता महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र यसरी राखेको लेखा स्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले चेकजाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरेता पनि जिन्सी खाता प्रमाणित गराइ नराखेको , कार्यक्रम संचालनका सबै विल भरपाई हाजिरी लगायतका प्रमाण एकमुष्ठ रुपमा राख्ने गरेको, एकभन्दा बढी कार्यक्रमका लागि एकैपटक पेश्की दिई काम गर्ने गराउने गरेको, सबै पेश्की फछ्यौटको तेरीज तयारी गरी राख्ने नगरेको, समयमा पेश्की फछ्र्यौट गर्ने नगरेको आर्थिक कार्याविधि तथा बित्तिय उत्तरदायित्ब नियमाबली अनुसार भौतिक एवं. वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रको लक्ष्य प्रगति विवरण तयार नगरेको जस्ता व्यहोराहरु देखिएको छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२२			**समन्वय** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जूमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ ।गाउँपालिका सँघीय सरकार तथा प्रदेश सरकार समेतबाट कार्यक्रम तथा योजनाहरु कार्यान्वयन भै रहेको सन्दर्भमा ति कार्यक्रमहरुमा दोहोरोपना हुन नदिन आपसी समन्वय गर्ने गरेको देखिएन । एउटै कार्यक्रम वा योजनाक धेरै निकायबाट सञ्चालन नभएको सुनिश्चित हुनुपर्दछ ।	
२३			**क्षेत्रगत बजेट** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ बजेटको क्षेत्र अनुसार बजेट विनियोजन गरेको पाइएन । बजेट विनियोजन गर्दा आर्थिक, सामाजिक, पूर्वाधार विकास, वातावरण तथा विपत् व्यवस्थापन, संस्थागत विकास र सेवा प्रवाह, वित्तीय व्यवस्थापन र सुशासन एवम् कार्यसञ्चालन तथा प्रशासनिक खर्चलाई समेट्ने गरी विनियोजन गर्ने कुरामा ध्यान दिनुपर्ने देखिन्छ ।	
२४			**आन्तरिक लेखा परीक्षण** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने, आन्तरिक लेखापरीक्षणको प्रतिवेदनबाट औंल्याइएको विषयहरुको आधारमा आवश्यक सुधार गर्नु स्थानीय तहको कर्तव्य हुने, आन्तरिक लेखापरीक्षणको प्रतिवेदनमा उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आ.ले.प. प्रतिवेदन र सो उपर भएको कारवाहीको प्रतिवेदन स्थानीय तहको प्रमुख समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून बमोजिम आन्तरिक लेखापरक्षण गर्नुपर्ने र (3) मा आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ । कानुनमा आन्तरिक लेखापरीक्षण गर्न स्थानीय तहमा आन्तरिक लेखापरीक्षकको दरबन्दी स्वीकृत गरी नियुक्ती गर्ने व्यवस्था अनुसार यस पालिकामा आन्तरिक लेखापरीक्षक पदमा सुमन पोखरेल कार्यरत रहेको र निजल रु ४०६३४०।०० पारिश्रमिक प्राप्त गरेको देखिन्छ । निजको प्रमुख काम र कर्तव्य नै आन्तररिक लेखापरीक्षण गरी प्रतिवेदन दिनु रहेको छ । तर निजले आन्तरिक लेखापरीक्षण गरेको पाइएन । आन्तरिक लेखापरीक्षण नगरेको अवस्थामा समेत भुक्तानी दिन बाँकीको कच्चाबारी प्रमाणित गरी कानून विपरित कार्य गरेको देखियो ।यसरी आफ्नो पद अनुकुलको काम नगरेको सम्बन्धमा निजलाई कानून बमोजिम कारबाही गरी आन्तरिक लेखापरीक्षण गराउने व्यवस्था मिलाउनु पर्ने रु	४०६,३४०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२५</td><td></td><td></td><td>सम्पतिको अभिलेख
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पतिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>चौमासिक खर्च
आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य बमोजिम कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुंजीगत खर्चको स्थिति देहायबमोजिम छ । पालिकाले कूल खर्च मध्ये प्रथम चौमासिकमा ९.८६ प्रतिशत दोस्रो चौमासिकमा ११.२४ प्रतिशत, तेस्रो चौमासिकमा ७८.९ प्रतिशत र २०७८ आषाढ मसान्तमा 39.45 प्रतिशत खर्च गरेको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेस्रो चौमासिकमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ</th></tr>
<tr><th>प्रथम</th><th>दोस्रो</th><th>तेस्रो</th></tr>
<tr><td>1.</td><td>नगरपालिका पुँजीगत</td><td>११९५८२५९१.</td><td>१२३०२९६२.</td><td>१४०२१३४७.</td><td>९३२५८२८२.</td><td>46629141</td></tr>
<tr><td>2.</td><td>संघीय सशर्त</td><td>५२०२९४४.</td><td>0</td><td>0</td><td>५२०२९४४.</td><td>2601522</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१२४७८५५३५.</td><td>१२३०२९६२.</td><td>१४०२१३४७.</td><td>९८४६१२२६.</td><td>49230663</td></tr>
</table></td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>एकीकृत जिन्सी खाता
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ नियमावली २०७७ अनुसार आम्दानी तथा खर्च लेखेका श्रेस्ता एवं जिन्सी अद्यावधिक गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले लेखा तथा जिन्सी श्रेस्ता व्यवस्थित र एकीकृत गरेको देखिएन । आम्दानी तथा खर्च भएका लेखा तथा जिन्सी स्रेस्ता व्यवस्थित र एकीकृत एवं अद्यावधिक गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८			**पाम्सको प्रयोग** सार्बजनिक नियकायमा प्रयोग हुने सम्पत्तीको ब्यबस्थापन कार्यको लागी महालेखा नियन्त्रक कार्यालयले आ ब २०७७।०७८ देखी सार्बजनिक सम्पति ब्यबस्थापन प्रणाली(PAMS) प्रयोग गरी सम्पत्ति ब्यबस्थापन सोही अनुरुप हुने गरी सम्पत्तीको लेखा राख्न निर्देशन गरेको छ । कार्यलयले सो पद्दती अनुरुप लेखा राखेको पाइएन । परम्परागत ढाँचामा लेखा श्रेस्ता राख्नाले जिन्सी सामानको दुरुपयोग हुने तथा उचित ब्यस्थापन नहुन सक्ने भएकोले हाल महालेखा नियन्त्रक कार्यालयले अनिबार्य रुपमासफ्टबेयरको प्रयोग गरी जिन्सी सामाग्रीको ब्यबस्थापन गर्न तीन बटै तहका सरकारहरुलाइ निर्देशन गरिसकेकोले सो अनुसार अनिवार्य रुपमा उक्त सफ्टवेयमा जिन्सी श्रेस्ता राख्नु पर्दछ ।	
२९			**कल्याण कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीयतहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबर ले हुन आउने रकम थपगरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याणकोषमा हालसम्म रु६२९५३३।- ट्रान्सफर गरेको छ। तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन। यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याणकोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले कार्यबिधि बनाइ सो रकम ब्यबस्थापन गर्नुपर्दछ ।	
३०			**रोजगार कार्यक्रम** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनमा रहेको छ । यस कार्यक्रममा यो वर्ष रु बजेट रहेकोमा खर्च गरेको पाइएन । लक्षित वर्गको हित अविवृद्धि हुने तथा दीर्घकालीन आय आर्जन गर्ने गरी कार्यक्रम संचालन गरी खर्च गर्नुपर्दछ ।	
३१			**कार्यविधि निर्माण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीयतहहरुले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन तथा सोको अधिनमारही नियमनिर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ ।यस सम्बन्धमा बिबरण माग गर्दा पेश हुन आएन।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२</td><td></td><td></td><td>विपद खर्च
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आ.व.मा प्रकोप व्यवस्थापन कोषबाट कोभिड व्यवस्थापन, दैनिक भ्रमण भत्ता, मालसामान र भवन रंगरोगनमा रु. 4,78,438।- खर्च गरेको छ । पालिकाले ऐनमा तोकिए बमोजिमको समिति गठन गरेको/समिति गठन भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>सोझै खरिद
सोझै खरिद : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा रु.२० लाख रुपैंया भन्दा बढि लागत अनुमान भएको निर्माण कार्य खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने व्यवस्था छ । नियम ८५(१घ) मा खरिदको सम्भाबित प्याकेज तयार गरी खरिद योजना तयार गर्नु पर्ने र सो अनुसार प्रतिस्पर्धा हुनेगरी खरिद गर्नुपर्दछ । गाँउपालिकाले निम्नानुसारको निर्माण कार्य गर्दा खरिद प्याकेज तयार नगरी प्रतिस्पर्धाबाट नगरी सोझै खरिद गरेको सम्बन्धमा नमुना छनौट गरी परीक्षण गर्दा निम्न अनुसारको रु ६० लाखको १८ योजनामा लागत अनुमानकै हाराहारिमा रु ५९लाख १६ हजारमा खरिद सम्झौता गरी खर्च लेखेको छ। यसरी खरिद प्याकेज तयार नगरी तथा बर्पान्तिमा टुक्रे बजेट अनुसारको कार्य सोझै खरिद गरी खर्च गरेको नियमित नदेखिएको रु.
<table>
<tr><th>भौ न मिति</th><th>कार्य बिबरण</th><th>निर्माण ब्यबसायी</th><th>लागत अनुमान</th><th>सम्झौता तथा कार्यसम्पन्न</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२८।०७७।७।२८</td><td>बडा न लक्ष्मी मा बिमा सरस्बती मन्दीर निर्माण</td><td></td><td>१९३८८३</td><td>१९०१६२</td><td>१८७३२७</td></tr>
<tr><td>५०।०७८।१।२३</td><td>स्वास्थ्य चौकिमा कम्पाउण्डबाल निर्माण</td><td>दिब्यासु बिल्डर्स</td><td>४९८५९३</td><td>४९६७७४</td><td>४९६७७४</td></tr>
<tr><td>६०।०७८।२।२४</td><td>बडा न ५ मा नाला निर्माण</td><td>धनुषाधाम कन्सट्रक्सन</td><td>९१२१५</td><td>९०७५३</td><td>८७४६२</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td>५,९१६,२५१</td></tr>
</table>

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय							बेरुजु रकम
				७९।०७८।३।२५	स्वास्थ्यचौकि पश्चिमपट्टी वाल प्रतिक्षालय निर्माण बडा न ३	आदर्श निर्माण सेवा	२८६६२२	२८५३५५	२१००००		
				८०।०७८।३।२५	दिलिप लामाको घरनजिक भबन निर्माण बडा न ३	आर डि आर ट्रेड सप्लायर्स	४८५२४०	४८४८५९	४८५८५९		
				८४।०७८।३।२५	वाल निर्माण बडा न १	प्रिसा निर्माण सेवा	४०७४३२	३९९६०६	३९९६०६		
				८५।०७८।३।२५	सामुदायिक ढलान बडा न ९	गोल्डेन कन्सट्रक्सन टोखा	३९१३०४	३९७०३८	३९२०००		
				८९।०७८।३।२८	रामसेवक यादबको घरछेउ ढलान	रिमा निर्माण सेवा जनकपुरधाम	३८७९१२	४००२३८	३८७२२१		
				९०।०७८।३।२७	नवल शर्माको घरदेखी नवल ठाकुरको घरसम्म ढलान	जयमाता दी कन्सट्रक्सन जनकपुर	२९०९१०	२९१९५३	२९१९५३		
				९३।०७८।३।२७	बडा न १ मा खेलमैदान निर्माण	मनोज इ क्षीरेश्वरनाथ	२९०२०९	२८८६३५	२८८६३५		
				११८।०७८।३।३०	एकलान्द टोलमा चौतारो निर्माण	ओभी निर्माण सेवा कोटेश्वर काठमाडौ	१९३३७८	१९२७७५	१९२७७५		
				११९।०७८।३।३०	साबिक वडा न १ मा धर्मशाला निर्माण	आइसा इन्जिनियरिङ बटेश्बर ५	३४२८८१	३४२३९६	३४२३९६		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
			१२०।०७८।३।३०	बडा न ५ धर्मशाला रँगरोगन	बिक्रम बर्दस धनुषा ५	१९३९४८	१९३६७०	१९३६७०	
			१२५।०७८।३।३०	साबिक बडा न ४ मा सडक ढलान	आर जे कन्सट्रक्सन	२९३४५१	२९२५९४	२९२५९४	
			१२७।०७८।३।३०	सामुदायिक ढलान बडा न १	शिब ज्योती कन्सट्रकसन	४८२२९४	४९७०३८	५०००००	
			१२८।०७८।३।३०	गाँउघर क्लिनकको भबन निर्माण	मा बैदेही कन्सट्रक्सन	२९०९९९	२९०९९९	२९०९९९	
			१३५।०७८।३।३०	बडा न ५ अधुरो खोप भबन निर्माण	न्यु धनुषाधाम कन्सट्रक्सन वानेश्वर	३८०२९६	३७८२३१	३७८२३१	
			१३७।०७८।३।३०	वडा न आधारभुत बिद्यालय भबन निर्माण	मिथिला बिल्डर्स धनुषा	५००३२३	४९८७५३	४९८७४९	
						६०००८९०	६०११८२९	५९१६२५१	
३४			**बडा न ४ मा प्रशुति भबन निर्माण**						

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३४.१			प्रशुति भबन निर्माण – गाउँपालिकाको वडा नं ४ मा प्रशुती भवन निर्माण कार्यको लागी निर्माण ब्यवसायी आकृति निर्माण सेवा जोरपाटी काठमाडौ सँग मिति २०७६।२।५ मा रकम रु ९३९३१४४।१८ (भ्याटबाहेक) मा १ बर्षभित्र निर्माण कार्य सम्पन्न गर्नेगरी सम्झौता भएको देखिन्छ । निर्धारित समयाबिधिमा निर्माण कार्य सम्पन्न नभएपश्चात प्रथम पटक ६ महिना म्याद थप गरेको र गरी २०७७।८। ५ सम्म म्याद थप गरेको र कार्यसम्पादन जमानतको म्याद मिति २०७९।५।३० सम्म रहेको देखिन्छ । सो कामको लागि रु भुक्तानी भएको सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार छन।	
३४.२			सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२०(१) मा काबु बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलव्ध गराउन नसकेमा वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिको निवेदनको आधारमा अधिकार प्राप्त अधिकारीले अवधि बढाउन सक्ने व्यवस्था छ भने नियम १२१ (क) मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्व निधांरित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था रहेको छ ।यस निर्माण कार्यको लागी सम्झौता रकममध्ये हालसम्म २०७७।२।१६ सम्म दोश्रो रनिङ सम्म रु ४८८९४४८ मात्र भुक्तानी भएको छ ।सो पश्चात मिति २०७७।८।५ पश्चात म्याद थप समेत नभएको देखिएकोले नियम कानुन अनुसारसम्झौता रकम रु ९३९३१४४।१८ (भ्याटबाहेक)को १० प्रतिशतले हुने रकम पुर्ब निर्धारित क्षतिपुर्ती असुल गर्नुपर्ने रु	९३९,३१४
३४.३			सार्वजनिक खरिद नियमावली २०६४मा निर्माण कार्यको सम्झौता गर्दा सम्झौता अबधिको निश्चित समयावधि व्यतित भएपश्चात पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माण ब्यबसायीलाई मोबिलाइजेशन वापत रु १८३८०००।०० पेश्की उपलब्ध गराएको छ ।गाँउपालिकाले उक्त निर्माण कार्यको पेश्की खाता राखेको छैन ।प्रथम रनिङ विलबाट रु २००००० पेश्की कट्टि गरे अनुसार रु १६३८०००।०० बाँकी रहेको देखिन्छ । उक्त पेश्की जमानतको म्याद २०७६।८।९ सम्म रहेको देखिएकोले सो पेश्की जोखिममा रहेको छ । उक्त पेश्की फछ्यौट हुनुपर्ने रु	१,६३८,०००
३४.४			सार्वजनिक खरीद नियमावली २०६४ को नियम 112 (१) अनुसार रु १० लाख भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माणकार्यको निशर्त बिमा पोलिसी सहितको बिमा गर्नुपर्नेमा सम्झौतामा बिमाको प्राबधान नराखिएको तथा ल्याव टेस्टको समेत प्राबधान राखेको देखिएन। यसरी बिमा तथा ल्याव टेष्टको प्रावधान नराखी गरेको सम्झौता नियमसम्मत देखिएन। नियमकानुनको पालना हुनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३५			**बडा न १ र २ को सिमानामा सडक निर्माण कार्य**	
३५.१			सडक निर्माण कार्य – गाउँपालिकाको वडा नं १ र २ को सिमामा पर्ने राम्रो टोलमा सडक कालोपत्रे कार्यको लागि निर्माण ब्यबसायीसँग रु १८४९६२६३ (भ्याट समेत) २०७७।२।१३ मा २०७६।६।१३ सम्ममा निर्माण कार्य सम्पन्न गर्नेगरी सम्झौता भएकोमा गत बर्ष पेश्की मात्र भुक्तानी लगेकोमा यस बर्ष प्रथम रनिङ बिल को रु.४६६७१२९।०० भुक्तानी भएको छ ।यस सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छन:	
३५.२			.निर्माण कार्यको लागी भएको सम्झौतामध्ये हालसम्म ३४९६% मात्र वित्तीय प्रगति भएको छ । कोरोना कारणले काम सम्पन्नन हुन नसकेकोकारण देखाइ मिति २०७८।३।३१ सम्म म्याद थप भएको प्रमाण पेश भएकोमा पुन म्याद थप भएको नदेखिएकोले निर्माण ब्यसायीलाइ पुर्बनिर्धारित क्षतिपुर्ती लगाइ निर्माणकार्य सम्पन्न गराउनु पर्दछ । कुनै विवाद उत्पन्न भएमा सम्झौतामा उल्लेख भएको विवाद समाधानको प्रक्रिया बमोजिम समाधान भएकोन देखिएकोले निर्माण ब्यसायीलाइ पुर्बनिर्धारि क्षतिपुर्ती लगाइ निर्माण कार्य सम्पन्न गराउनु पर्दछ ।	
३५.३			सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ११३ (३)उपनियम (१) बमोजिम पेश्की दिंदा आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवाप्रदायक वा परामर्शदाताबाट त्यस्तो पेश्की रकम खाम्ने गरी र निजले सम्झौता बमोजिम काम नगरेमा सो निकायले अनुरोध गरेपछि तत्काल त्यस्तो निकायलाई भुक्तानी गर्ने गरी वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत लिई पेश्की दिनु पर्नेब्यबस्था छ । उक्त निर्माण कार्यको लागी निर्माण ब्यबसायीले रु १६ लाख पेश्की दिएकोमा पेश्कि जमानतको म्याद २०७७।५।२६ सम्म मात्र भएकोले अबधि समाप्त भएको देखियो । तसर्थ पेश्की जमानतको म्याद थपको प्रमाण पेश नभएकोले नियम अनुसार उक्त पेश्की ब्याज सहित असुल फछ्यौट गर्नु पर्ने रु	१,६००,०००
३५.४			सार्वजनिकखरीदनियमावली२०६४कोनियम 112(१) अनुसार रु१०लाखभन्दाबढीमुल्यकोनिर्माणकार्यगर्नेनिर्माणव्यवसायीले निर्माणकार्यको निशर्त बिमा पोलिसी सहितको बिमा गर्नुपर्नेमा सम्झौतामा बिमाको प्राबधान नराखिएको तथा ल्याव टेस्टको समेत प्राबधान राखेको देखिएन। यसरी बिमा तथा ल्याव टेष्टको प्रावधान नराखी गरेको सम्झौता नियमसम्मत देखिएन। नियमकानुनको पालना हुनुपर्दछ ।	
३६			**गाँउपालिका कार्यालयको भबन निर्माण**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६.१			कार्यालय भबन निर्माण गर्न परामर्शदाताबाट प्राप्त प्रतिवेदनमा डिपिआर साथ ३ तल्ले भबन को लागी ड्रइङ डिजाइन तयार भएको र रु ८२२६९४४५ को लागत अनुमान पेश भएकोमा गाँउपालिकाले भुइ तल्लाको लागि आब २०७५।०७६ मा सम्झौता गरी कार्य गरेकोमा यस आबमा अन्तिम रनिङ बिल भुक्तानी भएको छ। आ ब २०७८।७९ मा पुन तेस्रो तला निर्माण गर्न संझौता भई निर्माण कार्य भैरहेको छ सो सम्बन्धमा बिबरण माग गर्दा पेश हुन आएन। यसरी एउटै भवन निर्माण गर्न दुइवटा ठेक्का व्यवस्थापन भएको देखियो ।कार्यालयले भुइ तल्लाको लागी ठेक्का नम्बर 01-075/76 बाट जन धनन्जय निर्माण सेवालाई कवोल रकम रु.2,48,53,324।54 (भ्याट समेत) मिति २०७७ मंसिर ११ गते सम्म सम्पन्न गर्ने गरी कार्यालय भवन निर्माण कार्य गर्न दिएकोमा देखिएको व्यहोरा देहाय बमोजिम रहेका छन् :	
३६.२			भेरीएशनः सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११८ मा खरीद सम्झौता गर्दाका वखत पुर्वानुमान गर्न नसकिएको परीस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जनाभइ ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले नियमावलीको प्रकृया पुरा गरी भेरीएशन आदेश जारी गर्नुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाको भबन निर्माण कार्यको लागी परामर्शदाताले पेश गरेको डिपि आर प्रतिबेदनमा रु डीजाइनमा उल्लेख नभएको भुमिगत पार्किङ कार्यको लागी २०७७।२।११ मा भेरियसन स्वीकृत गरी सम्झौता मुल्यमा रु १५३७६२३ थप गरेको देखियो । कार्यालयले सँसोधन गरेको डीजाइन लेखापरीक्षणमा पेश हुन आएन। सुरुको डिपिआर तथा लागत अनुमानमा उल्लेख नभएको कार्यको संवीकृति गरेको नियमसम्मत देखिएन । कार्य भएको भेरियसन नियम सम्मत देखिएन। गत आबमा उक्त भेरियसन भएकोमा यस आबमा केही कार्य थपघट भएको ब्यहोरा सहित अन्तिम भेरियसन गरेको छ ।समग्रमा भेरियसनबाट निर्माण कार्यको सुरु सम्झौतामा ९.५३ प्रतिशत बढोत्तरी भइ थप ब्ययभार परेको छ । यसरी भेरियसवाट थप भार परेको देखिएकोले सम्बन्धित पक्षलाइ जिम्मेबार बनाउनु पर्दछ ।	
३६.३			सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(१) बमोजिम सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा नियम ११७(२) बमोजिमका व्यहोराहरु खुल्ने गरी कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र सो अनुसार भुक्तानीको व्यवस्था मिलाउनुपर्ने व्यवस्था गरेको छ । नियमावलीको नियम १२५(२) बमोजिम कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेसन बमोजिम भए÷नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । भवन निर्माण वापत अन्तिम विल सम्मको रु २७२२१२९८ भुक्तानी भएकोमा गाउँपालिकाले नियम ११७(२) बमोजिमका व्यहोराहरु खुल्ने गरी कार्य स्वीकार प्रतिवेदन प्राप्त नगरी भुक्तानी दिएको छ । कार्य स्वीकार प्रतिवेदन तयार गरी स्विकृत गर्नुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६.४</td><td></td><td></td><td>आइटम न १० सिमेन्ट मार्वल स्कर्टीङ कार्यको लागी नापी किताव अनुसार १५ रिनङ मिटरको भुक्तानी गर्नुपर्नेमा १५.७७ को भुक्तानी भएकोले बढी परिमाण ०.७७ रनिङ मिटरको रु ५००० को दरले मुअकर समेत असुल गर्नुपर्ने रु</td><td>४,३५०</td></tr>
<tr><td>३६.५</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९४ अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । साथ, निर्माण व्यवसायि सँग भएको संझौतामा वास्तविक खर्चको आधारमा प्रोभिजनल समबाट भुक्तानी नदिने उल्लेख भएकाले प्रोभिजनल समबाट भुक्तानी गर्दा खर्च पुष्टिहुने विल भरपाई पेश हुनुपर्दछ ।निर्माण व्यवसायीललाई निम्नानुसार प्रोभिजन सम बाट भुक्तानी विल भरपाइ सँलग्न नगरी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु
<table><tr><th>प्रयोजन</th><th>भुक्तानी रकम रु</th><th>कैफियत</th></tr><tr><td>बिमा बापतको खर्च</td><td>६७४५७</td><td>त्रुटी सच्चाउन अबिधसम्मको विमा पोलिसी तथा भुक्तानी बिल सँलग्न नभएको</td></tr><tr><td>ल्यावटेष्ट वापतको खर्च</td><td>५००००</td><td>ल्याव टेष्ट प्रतिबेदन तथा भुक्तानि बिल सँलग्न नभएको</td></tr><tr><td>मु अ कर समेत जम्मा</td><td>१३२७२६</td><td></td></tr></table></td><td>१३२,७२६</td></tr>
<tr><td>३६.६</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) बमोजिम खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र सम्बन्धित निर्माण व्यवसायिले निर्माण भए बमोजिमको एज् बिल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था अनुसार उक्त निर्माण व्यवसायिसँग सम्झौता हुँदा सम्झौताको GCC ५६.२ मा ३० दिनभित्र एज् बिल्ट नक्सा पेश गर्नुपर्ने प्राबधान राखेतापनि पेश नगरेमा रकम रोक्का राख्ने प्रावधान राखेको पाइएन। निर्माण व्यवसायीदले हालसम्म एजविल्ट नक्सा पेश गरेको देखिएन। अनिवार्य रुपमा एज बिल्ट नक्सा पेश गर्न लगाउनुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६.७			निर्माण ब्यबसायीसँग भएको सम्झौताको बुदा न GCC ४२।१ अनुसार कार्यसम्पन्न मिति २०७७।१०।१२ अनुसारले हुन आउने १३ महिनाको अबधि अर्थात मिति २०७८।११। सम्म कार्यम्पादन जमानत म्याद हुनुपर्नेमा २०७८।८।७ सम्म मात्र म्याद भएकोमा सो अबधी समाप्त भैसकेकोले त्रुटी सच्याउने अबिधसम्म कार्यसम्पादन जमानतको म्याद कायम गर्नुपर्ने देखिएको रु	४,६१७,२५५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३७			**मर्मत अभलेख ब्यबस्थापन बिमा सामाग्री मर्मत** कम्प्युटर ल्यापटप मर्मत - आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमाबली २०६४ को नियम ४१ ख मा अधिकार प्राप्त अधिकारीले खर्च लेख्दा खर्चको लागी आबश्यक प्रमाण पुगे नपुगेको सम्बन्धमा सुनिश्चित हुनुपर्ने ब्यवस्था छ । कम्प्युटर तथा प्रिन्टर मर्मत कार्य गाँउपालिकाले कन्टेन्जेन्सी शिर्षकबाट गराएको सम्बन्धमा नमुना छनो६ गरी परीक्षण गर्दा निम्नानुसार भुक्तानी दिएको छ । खर्चको पुष्टंयाइ हुने प्रमाणहरु सँलग्न नगरी मर्मत भएका मानिएका दराज तथा मेशिनरीहरुको संख्या मात्र उल्लेख गरी खर्च लेखेको छ। जसबाट कुन मेसिनरी औजार कतिपटक मर्मत भयो के के सामानहरु फेरिएको हो भनि स्पष्ट हुने आधार भएन। नियमकानुनको पालना गरी माग फारम , मर्मत आदेश , मर्मतको प्रतिबेदन लगायतको बिवरणहरु सँलग्न गरी मर्मत खर्चको औचित्य पुष्टि हुनपर्ने रु	१०५,८६२

भौ न	खर्च बिबबरण	खर्च रकम	मर्मत गर्ने निकाय	कै
३२।०७७८।१९	कम्प्युटर सर्भिस	२०१२०	इन्टेक कम्प्युटर जनकपुर	२० वटा कम्प्युटर रु १२०० को दरले मर्मत गरेको विल सँलग्न
	प्रिन्टर सर्भिस	३०५१०		१८ वटा प्रिन्टर १५०० को दरले मर्मत गरेको विल सँलग्न
	फोटोकपी मेसिन मर्मत	३९५५		१ फोटोकपी मेसिन मर्मत रु ३५०० को दरले मर्मत
	ल्यापटप सर्भिस	५६२५		२ वटा ल्यापट रु २५०० को दरले मर्मत गरेको विल सँलग्न
	कम्प्युटर सर्भिस	१८९८४	सफल इ जनकपुर २	१४ वटा कम्प्युटर रु १२०० को दरले मर्मत गरेको विल सँलग्न
	प्रिन्टर मर्मत	१६९५०		१० वटा प्रिन्टर १५०० को दरले मर्मत गरेको विल सँलग्न
	प्रिन्टर मर्मत	६७८०	इन्फोटेक टुल्स जनकपुर ४	४ वटा प्रिन्टर १५०० को दरले मर्मत गरेको विल सँलग्न
	कम्प्युटर सर्भिस	२९३८		२ वटा कम्प्युटर १३०० को दरले मर्मत गरेको बिल सँलग्न
		१०५८६२		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३८			**ब्यबस्थापन सर्भेक्षण तथा सँगठन सँरचनामा परामर्श खर्च** स्थानिय सरकार सँचालन ऐन २०७४ को ८३ मा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तयार गर्नुपर्ने व्यवस्था रहे अनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न बराह ल एण्ड एसोसियट्सलाइ परामर्शदाता नियुक्ती गरी रु ५००००० भुक्तानी गरेको छ । सँगठन तथा व्यवस्थाप सर्भेक्षण कार्यको लागि परामर्शदाता आवश्यक पर्नाको कारण खुलाएको परामर्शदाताले दिएको प्रतिबेदन अनुसार संगठन संरचना तयार गरी गाउँ सभाबाट पारित गरेको समेत देखिएन। तसर्थ उक्त खर्चको औचित्य पुष्टि हुने नदेखिएको रु	५००,०००
३९			**सोझै खरिद** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ८ मा सार्वजनिक निकायले वार्षिक दश लाखरुपैयाँभन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा वार्षिक खरिद योजना तयार गरी खरिदको सम्भावित प्याकेज समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । कार्यलयले निम्नानुसारको खरिद कार्य उपयुक्त प्याकेज बनाई शिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नु पर्नेमा सोझै खरिद गरेको देखियो । प्रतिस्पर्धा हुनेगरी खरिद कार्य गर्नुपर्दछ ।	

भौ न मिति	खरिद बिबरण	आपुर्तक	खरिद रकम
१०।०७७।७।५	ल्यापटप डेक्सटप	टिपल टेक्नोलोजी	११९७१०
३६।०७७।१०।२७	कम्प्युटरु प्रिन्टर	इन्टेल कम्प्युटर जनकपुर २	४९५७८८
४४।०७७।१२।२४	कम्प्युटर प्रिन्टर	जानकी कम्प्युटर	६१४१४
६४।०७८।२।३०	ल्यापटप	आयुस जनरल स्टोर	९९८९२
६५।०७८।२।२७	ल्यापटप	इन्टेल कम्प्युटर जनकपुर २	९९८९२
			८७६६९६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४०			**नीति तथा कार्यक्रम निर्माणमा परामर्शदातको सहयोग** स्थानीय सरकार संचालन ऐन २०६४ को दफा ६७ मा दफा ६६ बमोजिम पालिका अध्यक्षको स्योजकत्वमा रहेको स्रोत अनुमान र बजेट सिमा निर्धारण समितले निर्धारण गरेकोझ आयको प्रक्षपण, वितरणको खाका र बजेट सिमामा आधारित भई स्थानीय तहको वार्षिक बजेट र कार्यक्रम तर्जुमा गर्न उपाध्यक्षको संयोजकत्वमा विषयगत क्षेत्र हेर्ने कार्यपालिकाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत तथा योजना महाशाखा प्रमुख सदस्य सचिव भएको बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने उल्लेख छ । उक्त समितिले नीति तथा कार्यक्रमको प्रस्ताव तयार पार्ने बजेट कार्यक्रमको प्राथमिकीकरण गर्ने प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्ने लगायतका कार्यहरु गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले दफा ६६ बमोजिमको समितिबाट बजेट सिमा निर्धारण गर्नुपर्नेमा सो कार्यको लागि पूँजीगत अनुसन्धान तथा शीर्षकबाट ट्रि लेगल एण्ड एसोसियट्स लाई परामर्शदाता नियुक्त गरी रु 2 लाख 26 हजार भुक्तानी दिएको छ ।यसरी गाउँपालिकाको समितिबाट गर्नुपर्ने नियमित कामको लगि समेत परामर्शदाता नियुक्ती गरी भुक्तानी दिएकोमा नियमित नदेखिएको रु	२२६,०००
४१			**परामर्श सेवा** सार्बजनिक निकायले सार्बजनिक खरिद नियमाबलि २०६४ को नियम १२ मा उल्लेख भए बमोजिम परामर्श सेवा खरिद गर्न त्यस्तो सेवाको लागत अनुमान तयार गर्नुपर्ने , सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य को लागि मात्र परामर्श सेवा लिनुपर्ने र प्रतिस्पर्धाको गराएर मात्र परामर्श सेवा खरिद गर्नुपर्ने व्यवस्था छ । साथै बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना एवम डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्ने ब्यबस्था छ । पालिकाले निम्न योजनाको आयोजनामा प्रतिवेदन तयार गर्ने कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ । ति कार्यको लागि परामर्श सेवा लिन तयार गरेको लागत अनुमानको आधार स्पष्ट खुलाएकव छैन । तीन वटा परामर्शदातासँग प्रस्ताव माग गरि न्युनतम कवोल गर्नेको प्रस्ताव छनौट गरी भुक्तानी गरेको पाइयो । यसरी नर्मस निर्देशिका बेगर लागत अनुमान तयार गरी खर्च लेखेको र ति प्रतिवेदनहरु हालसम्म कार्यान्वयनमा गएको नदेखिएको अनियमित खर्च रु	१,८४१,३३५

भौ न	बिबरण	परामर्शदाता	खर्च रकम रु
५५।०७८।२।२७	गाँउपालिका वडा न ४ भबनको डिपि आर तयारी	डेल्टा इनिटीएटिभ प्रालि	४८९२९०
	बन्देबी माइ स्टेडिय	प्रिभ्यु इ कन्सल्टेन्सी	१३५२०४५
		जम्मा	१८४१३३५

४२ क्रमं	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम ८,२९४,३६०

बिल भरपाइ तथा रितपुर्बकको श्रेस्ता

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्ब नियमाबली ३९(५) अनुसार खर्च गर्दात्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाइ, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ । गाँउपालिकाले निम्नानुसारको खर्च लेख्दा खर्च पुष्टिहुने बिल भरपाइ सँलग्न नगरी खर्च लेखेकोले विल भरपाई पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु

भौ न मिति	खर्च प्रयोजन	खर्च रकम	कैफियत
१४।०७७।७।६	बडा न ५ को २५ स्थानमा बोरिङि निर्माण कार्य	६२३०१३	रु १२५८१८४ को कार्यमुल्याँकन सँलग्न भएकोमा खरिद बिल रु ६२३०१३ को मात्र सँलग्न भएको तथा कता जडान भएको हो सो बिबरण सँलग्न नभएको
१६।०७७।।१०।१९	वाटर पम्प खरिद	५००००	जडान भएको स्थान बिबरण सँलग्न नभएको
१७।०७७।७।६	बडा न ४ मा लक्ष्मी माबि सरस्वति मन्दीर निर्माण	१८७६३७	बिल भरपाइ र प्रमाण कागजात नभएको
५३।०७८।२।९	१२ स्थानमा बायोग्यास जडान र भुक्तानी	२९२०००	बिल भरपाइ र प्रमाण कागजात नभएको
६२।०७८।।२।२५	ह्युमपाइप खरिद गरि जिन्सी दाखिला गरेको	२४९७३०	कार्यसम्पन्न र जडान प्रमाण पेश हुनुपर्ने
८१।०७८।३।३०	बिभिन्न ९ कर्मचारीहरुलाइ अनुगमन बापतको महिनाको ३ पटकको उल्लेख गरी भुक्तानी	५९७६००	करबाहेक रु ५९२६६० भुक्तानी गरेकोमा अनुगमन प्रतिबेदन सँलग्न नभएको
८६।०७८।	उपभोक्ता समितिलाइ भुक्तानी	२९१०००	गोश्बारा भौच मात्र सँलग्न बिल भरपाइ र प्रमाण कागजात नभएको

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय					बेरुजु रकम
				३।२७					
				८७।०७८।३।२७	उपभोक्ता समितिलाइ भुक्तानी	१२१२५००	गोश्बारा भौच मात्र सँलग्न बिल भरपाइ र प्रमाण कागजात नभएको		
				८८।०७८।३।२७	ह्युमपाइप खरिद गरि जिन्सी दाखिला गरेको	४९४२३३	कार्यसम्पन्न र जडान प्रमाण पेश हुनुपर्ने		
				८८।०७८।३।२७	रिमा निर्माण सेवालाइ भुक्तानी	४८४४१९	गोश्बारा भौच मात्र सँलग्न बिल भरपाइ र प्रमाण कागजात नभएको		
				९९।०७८।३।२८	रामकुमार पासबानको घर नजिकै सडक ढलान र नाला निर्माण	११५७६९	कुल कार्यमुल्याँकन रु ८८७८८३ भएकोमा रु ७७२११४ को डोर हाजिरी र खरिद बिल मात्र सँलग्न नपुग प्रमाण पेश हुनुपर्ने		
				१०१।०७८।३।२९	बडा न २ ८ र ९ मा चापाकल निर्माण	४५६१८२	कुल कार्यमुल्याँकन रु ८८२८५६ भएकोमा रु ४२६६७४ को डोर हाजिरी र खरिद बिल मात्र सँलग्न नपुग प्रमाण पेश हुनुपर्ने		
				१२९।०७८।३।३०	भगबान बिल्डर्सलाइ भुक्तानी	४८८००९	गोश्बारा भौचर मात्र सँलग्न बिल भरपाइ र प्रमाण कागजात नभएको		
				१३८।०७८।३।३१	उपभोक्ता समितिलाइ भुक्तानी	१७७७८५०	गोश्बारा भौचर मात्र सँलग्न बिल भरपाइ र प्रमाण कागजात नभएको		
				७३।०७८।३।२०	अनुगमन भत्ता भुक्तानी	४०५३००	भुक्तानी दिन बाँकीको बिबरण सँलग्न गरी पदाधिकारी कर्मचारीलाइ महिनाको ३ बटाको दरले ३६ पटकको अनुगमन भत्ता भुक्तानी गरेकोमा सो पुष्ट्याइ गर्ने कागजात प्रमाण सँलग्न नभएको		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
			१२४।०७८। ३।३०	साबिक बडा न २ र ३ मा कृषि सडक निर्माण	४१८१०	ह्युमपाइप जडान बापतको खर्च लेखेकोमा खरिद बिल सँलग्न नभएको	
			१३६।०७८। ३।३०	साबिक बडा न ६ मा कृषी सडक निर्माण	२३५३०८	कुल मुल्याँकन रु १०९४८७८ मध्ये रु ८५९५६० को मात्र बिल भरपाइ सँलग्न	
			९।०७८।३। २८(सँघिय पुजिगत)		२९२०००	गोश्बारा भौचर मात्र सँलग्न बिल भरपाइ र प्रमाण कागजात नभएको	
					८२९४३६०		
४३			**बिबरण पेश नभएको** गाँउपालिकाको कार्यलयसँग मिति २०७८।९।२८ मा लेखापरीक्षणको क्रममा फारम न १ देखी १० तथा स्थानिय तहको फारमहरु तथा लेखापरीक्षणको क्रममा आबश्यक परेको फारमहरु भरी पेश गर्न अनुरोध गरेकोमा पेश हुन आएन । तसर्थ उक्त ब्यहोराउपर थप बिश्लेशण गर्न सकिए				
४४			**निर्माण ब्यबसायीबाट कार्य गराएको**				

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४४.१			उपभोक्ता समितिले निर्माण व्यवसायीबाट कार्य गराएको : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(१३क) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने व्यावस्था छ । कार्यालयले निम्नानुसार उपभोक्ता समितिले आफुले लिएको काम निर्माण व्यवसायीबाट कार्य गराएको विल भरपाई पेश गरी रु.५३४५३९२ भुक्तानी गरेको छ । साथै अन्य योजनाहरुमा उपभोक्ता समिततिको १० प्रतिशत अनिबार्य योगदान गर्नुपर्ने उल्लेख भएकोमा उल्लेखित योजनाहरुमा योगदान समेत गरेको देखिएन । नर्मस, लागत अनुमान , दर बिश्लेशण लगायतका बिबरणहरु सँलग्न नगरी इशु कन्सल्टेनस जनकपुरबाट प्रमाणीत नापी किताब र रिनङ बिल सँलग्न गरी निर्माण ब्यबसायीबाट कार्य गराइ भुक्तानी गरेको नियमसम्मत देखिएन । यस्तो उपभोक्ता समितिको अभिलेख राखी भबिष्यमा कुनै काम नदिने ब्यबस्था मिलाउनुपर्ने र त्यस्तो काम गर्ने निर्माण ब्यवसायीलाइ कालो सुचिमा राख्न सिफारिस गर्नुपर्ने देखिएको रु	५,३४५,३९२
४४.२			उपभोक्ता समितिबाट कार्य गर्दा १० प्रतिशत जनश्रमदान नभएको असुल गर्नुपर्ने रु	५३४,५०६.१

भौ नि मिति	कार्य बिबबरण	लागत अनुमान	कार्यसम्पन्न	निर्माण ब्वयासीलाइ भुक्तानी रकम	निर्माण ब्यवसायी
८।०७८।३।२८	डीप बोरिङ	२४३३५९३	२४३३५९३	२४३५३९२	पशुपति टेक्नो ड्रिलिङ कपन काठमाडौ
१६।०७८।३। ३०	बडा न १ सचाइ बोरीङ	२९११४६८	२९११४६८	२९१००००	”
				५३४५३९२	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४५</td><td></td><td></td><td>बढी दररेटमा भुक्तानी
सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७ मा उपभोक्ता समितिसँग संझौता गर्दा सार्वजनिक निर्माण कार्यको नम्स अनुसार दर विश्लेषण गरी दररेट निर्धारण गर्नुपर्ने र सोही निर्धारित दररेट अनुसार उपभोक्ताको योगदान आनुपातिक कट्टी गरी भुक्तानी गर्नुपर्ने ब्यबस्था रहेको छ । गाँउपालिकाले निम्नानुसारको कार्य गर्दा दर बिश्लेशण मा उल्लेख भएको भन्दा बढी दरले उपभोक्ता समितिलाइ भुक्तानी गरेकोले बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौ न मिति</th><th>योजनाको नाम</th><th>आइटम</th><th>भुक्तानी गर्नुपर्ने दर</th><th>भुक्तानी दिएको दर</th><th>बढी भुक्तानी दर</th><th>परिमाण</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>१०६।०७८।३।२९</td><td>सोनार टोलमा इनार निर्माण</td><td>Reinforcement</td><td>107.4</td><td>115.1</td><td>7.7</td><td>308.48</td><td>२१६०</td></tr>
<tr><td>107.078.3.29</td><td>बडा न ४ मा इनार निर्माण</td><td>Reinforcement</td><td>107.4</td><td>115.1</td><td>7.7</td><td>308.48</td><td>२१६०</td></tr>
<tr><td>१२४।०७८।३।३०</td><td>बडा न २र ३ मा कृषि सडक निर्माण</td><td>माटो सम्याउने पुर्ने कार्य</td><td>156</td><td>178.75</td><td>22.75</td><td>2317.56</td><td>52724</td></tr>
<tr><td>१३६।०७८।३।३०</td><td>साबिक बडा न ८ मा कृषि सडक निर्माण</td><td>माटो सम्याउने पुर्ने कार्य</td><td>156</td><td>178.75</td><td>22.75</td><td>५५४७</td><td>126195</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>183239</td></tr>
</table></td><td>१८३,२३९</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>उपभोक्ताबाट खरिद कार्य र कार्यसम्पन्न नभएको</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४६.१			खानेपानी आयोजना निर्माण(सँघिय सरकार तर्फ पुजिगत)–सार्बजनिक खरिद नियमालबी २०६४ को नियम ९७(६)मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र उपभोक्ता समितिको योजना छनौट गर्दा श्रममुलक कार्य हुनुपर्ने ब्यबस्था छ । गाँउपालिकाले सँघीय पुजिगत कार्यक्रम अन्तर्गत को उपभोक्ता समिति मार्फत गर्न परिबर्तन खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन गरी कार्य गरेको पाइयो । यसरी कार्य गर्दा लागत अनुमानमा पाइप लगायतका सामाग्री खरिद बापत रु ५७५०९९६ र पाइप जडान बापत रु ९१३७९४ समेत रु ६६६४७९१ को लागत अनुमान तयार गरेको देखियो । यसरी लागत अनुमान तयार गरी खरिद कार्य गर्दा उपभोक्ता समितिले तिरुपती बालाजी ट्रेडर्स धनुषाबाट प्रतिस्पर्धा नगराइ पाइप खरिद गरेको नियमसम्मत देखिएन। भुक्तानीको लागी २०७८।३।३० मा पेश भएको बिल भरपाइमा तिरुपती बालाजी ट्रेडर्स धनुषाबाट पाइप खरिद गरेको समेत कुल रु ५९५४१०७ को विल सँलग्न गरेको देखियो। उपभोक्ता समितिले रु ६६५०६६६ को कार्य सम्पन्न भएको भनि मार्य मूल्याङ्कन पेश गरेकोमा पाइप खरिद तथा जडान कार्यको मात्र विल पेश भएकोमा मुल्याँकन अनुसारको विल भरपाइ श्रेस्तासाथ संलग्न भएको देखिएन । तसर्थ नपुग बिल भरपाइ सम्बधमा यकिन हुनुपर्ने रु	६९६,५९९
४६.२			खानेपानी योजनाको लागी पाइप खरिद गर्दा प्रतिस्पर्धात्मक रुपमा खरिद गर्नुपर्नेमा उपभोक्ता समितिमार्फत सोझै खरिद बिधिबाट खरिद गरेको नियमसम्मत देखिएन ।लेखापरीक्षणको क्रममा २०७८।९।३० मा गाउँपालिकाका प्राबिधिक सहित स्थलगत अवलोकन गरिएकोमा कार्यमुल्याँकनमा पाइप जडान समेत भै सकेको उल्लेख भएकोमा निर्माणस्थलमा पाइपहरु जडान नभइ मौज्दात नै रहेको देखियो ।यस सम्बन्धमा जडान नै नभएको अबस्थामा जडान सहितको कार्यसमप्पन्न् प्रतिबेदन तयार गर्ने प्राबिधिकलाइ जिम्मेवार बनाउनुपर्दछ । यसरी पाइप जडान नै नभएको जडान खर्च रु ९१३७९४।०० असुल गरी यस सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु	९१३,७९४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४७</td><td></td><td></td><td>

उपभोक्ताको योगदान

आनुपातिक कट्टी - सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७ (११) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्ने र कार्यलयले उक्त अनुपातिक कट्टी घटाइ भुक्तानी गर्नुपर्ने ब्यबस्था छ । पालिकाले अधिकाँस कार्य उपभोक्ता समितिमार्फत गराउदै आएकोमा कार्यपालिका ले १० प्रतिशत अनिबार्यर रुपमा उपभोबक्ताबाट योगदान हुनुपर्ने उल्लेख गरेकोमा निम्न कार्यक्रमको भुक्तानी गर्दा सो अनुसार उपवभोक्ता योगदान कट्टि नगरी बढी भुक्तानी भएमकोले असुल गर्नुपर्ने रु

<table>
<tr><th>भौन</th><th>योजना उस को नाम</th><th>कार्यमुल्याँकन</th><th>भुक्तानी गर्नुपर्ने रकम</th><th>भुक्तानी रकम</th><th>बढी भुक्तानी रु</th></tr>
<tr><td>०७२।०७८।३।२०</td><td>बडा न ३ मा १ स्थानमा स्यालो ट्युबेल निर्भाण</td><td>५९९३९५</td><td>५३९४५५</td><td>५८३२४७</td><td>४३७९२</td></tr>
<tr><td>७४।०७८।३।२२</td><td>बडा न १ बिभिन्न ५ र बडा २ मा १ ठाउमा स्यालो ट्युबेल निर्माण</td><td>३७७६६७३</td><td>३३९९००६</td><td>३७९१२४५</td><td>३९२२३९</td></tr>
<tr><td>७५।०७८।३।२२</td><td>बडा न १ बिभिन्न ४ ठाउमा स्यालो ट्युबेल निर्माण</td><td>२४२३०००</td><td>२१८०७०१</td><td>२४३०२२५</td><td>२४९५२४</td></tr>
<tr><td>०७८।०७८।३।२२</td><td>बडा न १ बिभिन्न ठाउमा स्यालो ट्युबेल निर्माण</td><td>१४५३९९२</td><td>१३०८५९३</td><td>१४५८०८१</td><td>१४९४८८</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>८३५०५१</td></tr>
</table>

</td><td>८३५,०४३</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>

गत बिगत बर्षको निर्माण योजनाहरुको भुक्तानी

आर्थिक कार्यविधि तथा बित्तिय उतरदायित्व नियमावली 20७७ अनुसार चालु बर्षको बजेटले नथाम्ने गरी बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने र बिशेष कारण एवम् परिस्थितिबश कुनै ब्यक्ति फर्म, सस्था वा कम्पनीसँग भएको सम्झौता बमोजिमको रकम खर्च शीर्षकहरुमा चालु बर्षको बजेटले नखामेको खर्च

</td><td>१२,५५८,२७३</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

ब्यहोर्नु पर्ने भएमा बीलभरपाई बमोजिमको रकम आगामी बर्षमा भुक्तानी दिन पर्ने कारण खोली महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई श्रावण 15 गते भित्र कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नु पर्ने र त्यस्तो भुक्तानी दिन बाँकीको कच्चावारी आर्थिक बिवरणका साथ तालुक कार्यालय, सम्बन्धित मन्त्रालय, कोष तथा लेखा नियन्त्रक कार्यालय तथा महालेखापरीक्षकको कार्यालयमा पठाउन् पर्ने र उल्लेखित खर्च बाहेक अन्य खर्चहरुको भुक्तानी स्वीकृत बार्षिक कार्यक्रममा समावेश भएको अवस्थामा दिन सकिने उल्लेख छ । कार्यालयले आयोजनागत भुक्तानी दिन बाँकिको बिबरण गाँउसभाबाट पास नगराइ आर्थिक बर्ष २०७६।०७७ को भुक्तानी गर्न बाँकी आयोजना गत आबको बचतबाट भुक्तानी गर्ने निर्णय गरेको देखिन्छ । कार्यालयले योजनागत भुक्तानी बिबरण तथा योजनागत खाता तयार गरेको छैन । साथै आन्तरिक लेखापरिक्षण समेत नभएको अबस्थामा आन्तरिक लेखापरीक्षकबाट भुक्तानी दिन बाँकीको बिबरण प्रमाणित गराइ गत बर्षका १ करोड ३५ लाख ८५ हजार लागत अनुमानका १४ योजनाहरुको १ करोड २५ लाख ५८ हजार निम्नानुसार भुक्तानी दिएको छ। जसबाट यस बर्ष बिनियोजित बजेट अनुसारको कार्यक्रम सँचालन नहुने , बजेट अपर्याप्त नहुने तथा नयाँ योजना सँचालन गर्न कठिन समेत हुने तथा योजनागत भुक्तानी खाता समेत नभएकोले भुक्तानिमा आन्तरिक नियन्त्रण समेत कमजोर हुने स्थिति देखिएको छ । आन्तरिक लेखापरीक्षण नगरी भुक्तानी बाँकी देखाएकोले भुक्तानी बाँकी हो भनी एकीन गर्न नसकिएको रु

भौ न मिति	योजनाको नाम	बडा	लागत अनुमान	भुक्तानी रकम	श्रेस्तामा उल्लेख कार्य सम्पन्न मिति
३।०७७।७।४	बडा न ५ बिद्युत पोल सार्ने काम,फालिपुर पोल र ट्रान्सफर्मर जडान	५	३१८८८०४	३०८६८०४	२०७७।३।३१
५।०७७।७।४	बडा न १ देखी ५ सम्म ट्रान्सफर्मर खरिद जडान तथा पोल खरिद		४०६३९५६	३८५००००	२०७७।७।२
७।०७७।७।४	स्वास्थ्य चौकि भबन र वाल निर्माण	२	१५५२१८९	१३९६०००	२०७७।३।३१
९।०७७।७।५	बिभिन्न स्थान ह्युम पाइप जडान	४	२७४७५९	२६६९९०	२०७७।३।३१
११।०७७।७।६	शाखा सडकमा मर्मत ग्राभेल	५	५४९११६	४८५०००	२०७७।३।३०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
			१२।०७७।७।३	दिपज्योति सहकारी सँस्था सैड निर्माण	१	१०९६०४	९६०००	२०७७।३।२९	
			१३।०७७।७६	कुबर गाह घेरावारा	५	२१९५५१	१९१५००	२०७७।३।१५	
			१४।०७७।७।६	२५ स्थानमा बोरिङ	५	१२६९५५८	९७००००	२०७७।३।२३	
			१५।०७७।१०।१९	८र ९ बडा ग्राभेल	५	४९११३	४७०००	२०७७।३।२९	
			१६।०७७।१०।१९	ट्युबेल खरीद । ग्राभेल	१	९७८०५	९६५००	२०७७।३।२९	
			१९।०७७।७।६	बडा न ३ मा ट्युबेल निर्माण	३	४७७२१३	४३०८४२	२०७७।३।२४	
			२०।०७७।७६	बडा न ३ सामुदायिक ढलान	३	७६७६९७	६७९०००	२०७७।३।२३	
			२१।०७७।१०।२६	बडा न ५ ढलान	३	७७५२०७	६७९०००	२०७७।३।२३	
			२८।०७७।७।२७	लक्ष्मी माबि मन्दिर निर्माण	५	१९०१६०	१८१६३७	२०७७।३।३१	
						१३५८४७३२	१२५५८२७३		
४९			**उपभोक्ता समिति बाट निर्माण कार्य ब्यबस्थापन** गाँउपालिकाले यो बर्ष उपभोक्ता समितिबाट अधिकाँश निर्माण कार्य गराएको छ । सो अन्तर्गत देखिएका केही सैदान्तिक ब्यहोराहरु निम्नानुसार रहेका छन -						

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• उपभोक्ता समितिको अभिलेख ब्यबस्थापन -बटेश्बर गाँउपालिका स्थानिय तहको उपभोक्ता समिति गठन तथा ब्यबस्थापन कार्यबिधि २०७५ को बुदा न ४ मा उपभोक्ता समिति गठन सम्बन्धी ब्यबस्था रहेको छ। उपबुदाँ नं क देखी ञ सम्म उपभोक्ता समितिको गठन सम्बन्धि ब्यबस्था र उपबुँदा न ट मा आयोजना सँचालन र कार्यान्वयनको लागी सँलग्न उपभोक्ता समितिको अभिलेख अनुसुची १ बमोजिमको ढाँचामा कार्यालयले राख्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले यसवर्ष संझौता गरेका कुनैपनि उपभोक्ता समितिको गठन सम्बन्धमा पर्याप्त कागजातको अभिलेख राखेको देखिएन । जसबाट पारदर्शि रुपमा उपभोक्ता समिति गठन भएको भन्ने आधार भएन । उपभोक्ता समितिको अभिलेखाँकन तथा सम्बन्धित प्रमाणकागजात ब्यबस्थित ढँगले राख्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । • उपभोक्ता समिति छनौट – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभगा्रही समुदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता बाहेक संझौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असरपर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ । • आयोजना हस्तान्तरण -सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । गाँउपालिकाले यस बर्ष सँचालन भएका कुनै पनि योजनाहरु उपभोक्तालाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समितिसँगको छलफल , योजना सम्पन्न पश्चातको प्रतिकृया , आगामी दिनमा योजनाबाट सिक्नुपर्ने सिकाई लगायको छलफल सहित अपनत्ब कायम हुने गरि सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षणको कार्यबिधि तयार गरि सम्पन्न भएका आयोजनहरु हस्तान्तरण गर्नुपर्ने देखिन्छ । • सामाजिक।सार्बजनिक परीक्षण तथा सुनुबाईः– स्थानीय सरकार सँचालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एबं दक्षतापूर्बक सँचालन गर्न अनुगमन एबं सार्वजनिक एबं सामाजिक परीक्षण तथा सुनुबाई जस्ता कार्यक्रम सँचालन गर्नुपर्ने उल्लेख छ । गाँउपालिकाले संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेतापनि केही योजनाको मात्र सार्वजनिक एबं सामाजिक परीक्षण कार्य संचालन गरेको देखियो । सबै योजनाको अनुगमन, सामाजिक तथा सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई को व्यबस्था गरी बित्तीय पारदर्शिता र जबाफ देहिताको पालना गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• खर्च अनुमोदन -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत संचालन भएका आयोजनाहरु र विल भुक्तानीको लागि प्राविधिक मूल्यांकन पेश गर्ने गरेको भएतापनि अन्य विल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु तथा समितिवाट खर्च अनुमोदन गरेको वैठकको माइन्युट लगायत प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण सबै योजनाहरुको पेश गर्ने गरेको छैन । नियमको प्रावधान बमोजिम कागजात पेश गर्न लगाई योजनामा भएको खर्च पारदर्शी बनाउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । • योजना स्थान तथा चेनेजहरु खुलाउने नगरेको– सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७(३) मा उपनियम (२) बमोजिमको प्रस्ताव वा निवेदन प्राप्त भएपछि सम्बन्धित सार्वजनिक निकाय र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले आवश्यकतानुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा खरिद सम्झौता गर्नु पर्नेछ र त्यस्तो सम्झौतामा नियमाबलीमा व्यबस्था भएबमोजिम कार्य गर्नुपर्ने उल्लेख छ । गाँउपालिकाले भौतिक पुर्वाधार निर्माण का कार्यहरु जस्तै सडक, नाली, सिचाई योजना जस्ता योजना उपभोक्ता समितिमार्फत कार्य गराउँदा योजना स्थल, चेनेज लगायतको विवरण सहित लागत अनुमानको तयारी, सम्झौता तथा नापी सँलग्न गरि कार्य गर्नुपर्नेमा एकमुष्ठ रुपमा योजनाको नाम सँलग्न गरि चेनेज नखुलाई नापी तयार गरि भुक्तानी गर्ने गरेको पाईयो । यसरी निर्माण कार्यको चेनेज तथा निर्माणस्थल नखुलाई कार्य गर्दा दोहोरो परिमाणमा भुक्तानी हुने, गुणस्तरीयता कायम नहुने लगायतका समस्या उत्पन्न हुन सक्ने देखिएको छ । गाँउपालिकाले सडक निर्माण कार्यमा सुरु स्थानलाई सुन्य चेनेज तोकी कुनै खण्ड पुरा नभएमा सो खण्डमा कार्य नभएको परिमाण शुन्य समेत देखाउने गरि सम्झौता अनुसार कुल परिमाणको कार्य भए नभएको यकिन गरि नापी किताबमा स्पष्ट प्रबिस्ट गर्ने व्यवस्था मिलाउनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५०			**उपभो्क्ता समितिबाट जटील तथा प्राबिधकको कार्य** उपभोक्ताबाट जटिल निर्माण कार्यः–सार्बजनिक खरिद नियमालबी २०६४ को नियम ९७(६)मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र श्रममुलक कार्य उपभोक्ता समितिबाट मात्र गराउन सकिने ब्यबस्था छ । गाँउपालीकाले बिभिन्न निर्माण कार्यमा जटिल प्रकृति तथा बृहद बिष्लेषण गर्नुपर्ने तथा जौखिमयुक्त बिद्युत पोल सार्ने तथा ट्रान्सफर्मर खरिद तथा जडाजको कार्यसमेत उपभोक्ता समितिबाट गराइ भुक्तानी गरेको छ । यस प्रकारको कार्यमा श्रमको अंश ज्यादै न्यून रहेने गरेको छ । यसरी बिद्युत बापतको कार्य भुक्तानी गर्दा नेपाल बिद्युत प्राधिकरण सखुवा बितरण केन्द्रद्वारा तयार गरिएको लागत अनुमान तथा मुल्याँकन सँलग्न गरिएको छ । यसरी उपभोक्ताबाट यस प्रकारको जटिल कार्य गराएको नियमसम्मत देखिएन। तसर्थ यस्तो जटिल कार्य उपभोक्ता समितिबाट नगराई निर्माण स्थलको प्राबिधिक परिक्षण र प्रतिबेदन समेत गरि दिगो रुपमा उपयोग हुने गरि निर्माण गराउनुपर्ने देखिएको रु	८,६०६,८०७

भौ न	कार्यबिबरण	सँचालित बडा	लागत अनुमान	कार्यसम्पन्न	भुक्तानी रकम
३।०७७।७।४	बडा न ५ बिद्युत पोल सार्ने काम,फालिपुर पोल र ट्रान्सफर्मर जडान	५	३१८८८०४	३१८८८०४	३०८६८०४
५।०७७।७।४	बडा न १ देखी ५ सम्म ट्रान्सफर्मर खरिद जडान तथा पोल खरिद	०५-Jan	४०६३९५६	४०६३९५६	३८५००००
४५।०७७।१२।३१	बिद्युतिय पोल र तार खरिद	५	७८९८३७	७७९४४४	७०००००
४६।०७७।१२।३१	बिद्युतिय पोल र तार खरिद	५	११४१६३६	११०७३६४	९७००००
					८६०६८०४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५१			**कार्यालय भन्दा बाहिरको प्राबिधिकबाट नापजाँच तथा मुल्याँकन**	१०,९२२,९१९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			परामर्शदाताबाट मुल्याँकन - सार्बजनिक खरिद नियमाबली २०६५ नियम ९७(८) मा .सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सम्बन्धित कामको लागि प्राविधिक सहयोग उपलब्ध गराउन नसक्ने भएमा सो कामको लागिआवश्यक प्राविधिक जनशक्ति सो समिति वा समुदाय आफैले करारमा नियुक्त गर्नसक्नेछ । त्यसरी नियुक्त गरिएको प्राविधिकलाई दिनु पर्ने पारिश्रमिक सार्वजनिक निकायलेकट्टा गरेको कन्टिन्जेन्सीबाट भुक्तानी गर्नु पर्नेछ । तर त्यस्तो पारिश्रमिक लागतअनुमानको तीन प्रतिशत भन्दा बढी हुने छैन भन्ने ब्यबस्था रहेको छ । नुमना छनौट गरी परीक्षण गर्दा गाँउपालिकाबाट दरबन्दी अनुसार प्राबिधिकको उपलब्धता भएको अबस्थामा पनि निम्नानुसारको निर्माण कार्य गर्दा कार्यालयका सम्बन्धित प्राबिधिकहरुबाट नाँपजाँच मूल्याङ्कन नगराई निम्नानुसारको परामर्शदाता फर्मका प्राबिधिक मार्फत निर्माण कार्यको मुल्याँकन गराई सम्बन्धित कार्यको नर्मस निर्देशिका, दर बिश्लेशण, समेत सँलग्न नगरी भुक्तानी दिएको देखियो । यसरी परामर्शदाता मार्फत गरिएका मुल्याँकन अनुसार भुक्तानी गरेको नियमसम्म्त देखिएन। कार्यालयका प्राबिधिकबाट निर्माण कार्य गरेको मूल्यांकन गरेको नापी किताब रनिङ विल तथा कार्यसम्पन्न प्रतिवेर्दन पेश गर्नुपर्ने रु	

भौ न मिति	योजनाको नाम	लागत अनुमान तथा कार्यसम्पन्न	भुक्तानी रकम	परामर्शदाता इ कम्पनी
१४।०७७।६।७	बडा न ५ मा २५ स्थानमा बोरिङ	१२५८१९४	१००००००	जनकनन्दनी इ कन्सल्टैन्सी जनकपुरधाम
१९।०७७।७६	बडा न ३ मा टंयुबेल	४७७२१३	४४३७६७	,,
७१।०७८।३।२०	बडा न ३ स्यालो टंयुबेल ३ स्थान	१७१६२६५	१२०००००	,,
७२।०७८।३।२०	बडा न १ स्यालो टंयुबेल ३ स्थान	५९९३९५	५८२८६७	,,
७४।०७८।३।२२	नया स्यालो ट्युबेल निर्माण	३८८९९७४	३७९१२४५	,,
७५।०७८।३।२२	बडा न १ स्यालो टंयुबेल ४ स्थान	२४९५६९२	२४४६९५९	,,
७८।०७८।३।२२	स्यालो ट्युबेल वडा न १	१४९७६१२	१४५८०८१	,,
			१०९२२९१९	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५२	१२७	२०७८-३-३०	**बढी भुक्तानी** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्ब नियमाबली २०७७ ३९ अनुसार खर्च गर्दा रित पुर्याइ खर्च लेख्नुपर्दछ । गाँउपालिकाले सामुदायिक ढलान निर्माण कार्य वडा न १ को कार्यको लागी शिवज्योति कन्सट्रक्सनलाइ कार्यमुल्याँकन अनुसार रु ४९७०३८ मात्र भुक्तानी गर्नुपर्नेमा रु ५००००० भुक्तानी दिएकोले बढि भुक्तानी असुल गर्नुपर्ने रु	२,९६२
५३			**इमिस** कार्यालयले बिद्यालयहरुला ्इ निकासा पठाउँदा अनिवार्य रुपमा विद्यालयहरुले इमिसमा रेकर्ड भएको विद्यार्थी संख्या तथा शिक्षक विवरण अनुसारमात्र निकासा गर्नुपर्दछ । कार्यालयले विद्यालयहरुला ्इ निकासा पठाउँदा इमिसला ्इ आधार लिएको पाइएन। इमिसको डाटाको आधारमा मात्र निकासा गर्नुपर्दछ ।	
५४			**सफ्टवेयरको प्रयोग** कार्यालयले प्रत्येक बिद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहतकोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र बिद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी बिद्यालय गत निकासा खाता अद्याबधिक गरी राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निकासा खाता तयार गरेको देखिएन।यसरी निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको विद्यालायगत स्थिति स्पष्ट हुन सकेन।अत: बिद्यालयलाई जाने सबै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी बिद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गरिनु पर्दछ।	
५५			**तलवी प्रतिवेदन** शिक्षा मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार स्थानीय तहले शिक्षकहरुको दरबन्दी सम्बन्धी विवरण सम्बन्धित शिक्षा समन्वय इकाईबाट यकिन गर्नुपर्ने उल्लेख छ । शिक्षकहरुको तलबी प्रतिवेदन समयमै शिक्षक किताबखानाबाट पारित गराई विद्यालयको तलबी माग फाराम रुजु गरी शिक्षकको तलब सम्बन्धित विद्यालयको खातामा निकासा दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले यो वर्ष शिक्षकहरुको तलबी प्रतिवेदन समयमै पारित गराएको पाइएन।समयमै तलबी प्रतिवेदन पारित गरेर खर्च गर्नुपर्ने देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५६			**छात्रवृती** विद्यालय संचालन निर्देशिका 207६/77 तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम ३ अनुसार बजेट रकम भित्रको कुनै रकम खर्चगर्दा विलभरपाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले गैर आवासीय छात्रवृतिमा पालिका स्थित १६ विद्यालयलयहरुलाई रु. ८,८७,२००।00 सम्बन्धित विद्यालयको खातामा जम्मा गरिदिएको छ । उक्त छात्रवृत्ति मध्ये निम्न विद्यालयले विद्यार्थीहरुलाई वितरण गरेको भरपाई पेश नगरेको तथा उक्त छात्रवृतिबाट शैक्षिक क्रियाकलापमा परेको प्रभाव अनुगमनको मूल्याङ्कन प्रतिवेदन लिने नगरेबाट छात्रवृत्ति वितरण एवं प्रभावकारिता सम्बन्धमा विश्वस्त हुन सकिएन । अत छात्रवृति वितरण अवस्था र प्रभावकारीता सम्बन्धमा अनुगमन प्रतिवेदन तयार गर्नुपर्दछ । क्र सं / विद्यालयको नाम / छात्रवृति रकम १ / शिवशक्ति मा वि / १३६८०० २ / लक्ष्मी मा वि / ६५२०० ३ / बौद्ध मन्दीर मा वि / ४०८०० ४ / राजश्वरी रानी आवि / १५६०० ५ / ममरा आवि / २१६०० जम्मा / / २८००००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५७			**कार्यसम्पन्न प्रतिवेदन** नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका 207७/7८ अनुसार कामको प्रगतिको आधारमा निकासा दिई २०७८ आषाढमा कार्यसम्पन्न प्रतिवेदनका आधारमा पुरै निकासा दिने व्यवस्था छ । गाउँपालिकाले निम्न विद्यालयलाई भौतिक पूर्वाधार निर्माण गर्न रु ४३००,०००।०० अनुदान भुक्तानी गरेको छ । उक्त अनुदान खर्च गर्दा सार्वजनिक खरीद ऐन, २०६३ तथा नियमावली, २०६४ को व्यवस्था अनुसार खर्च गर्नु पर्ने व्यवस्था छ । सो अनुसारको प्रकृया पुरा गरी विद्यालयले भौतिक पूर्वाधार निर्माण गरे नगरेको विलभरपाई तथा कार्यसम्पन्न प्रतिवेदन पेश गरेको पाइएन । भौतिक पूर्वाधार निर्माण गरेको प्रमाण तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.	४,३००,०००

भौचर र मिति	विद्यालयको नाम	अनुदान रकम
९४।०७८।२।३ र १५३।०७८।३।२८	श्री जनप्रीय मा वि भुचक्रपुर	३६०००००
	श्री देवकी नमूना आ वि	७०००००
जम्मा		४३०००००.००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५८			**पाठ्य पुस्तक** गाउँपालिकाले पाठ\यपुतकको रु.१५८२२६०।00 सम्बन्धित विद्यालयको खातामा जम्मा गरिदिएकोमा निम्न विद्यालयहरुले उक्त रकमबाट पाठ\यपुस्तक खरिद गरी तोकिएका विद्यार्थीहरुलाई वितरण गरेको भरपाई पेश गरेको छैन । पाठ\यपुस्तक खरिद गरी वितरण गरेको भरपार्इ पेश गर्नुपर्ने रु.. 655740: गाउँपालिकाले पाठ\यपुतकको रु.१५८२२६०।00 सम्बन्धित विद्यालयको खातामा जम्मा गरिदिएकोमा निम्न विद्यालयहरुले उक्त रकमबाट पाठ\यपुस्तक खरिद गरी तोकिएका विद्यार्थीहरुलाई वितरण गरेको भरपाई पेश गरेको छैन । पाठ\यपुस्तक खरिद गरी वितरण गरेको भरपार्इ पेश गर्नुपर्ने रु <table><tr><td>क्र सं</td><td>विद्यालयको नाम</td><td>छात्रवृति रकम</td></tr><tr><td>१</td><td>शिवशक्ति मा वि</td><td>६१६४३२</td></tr><tr><td>२</td><td>राजश्वरी रानी आवि</td><td>३९३०८</td></tr><tr><td>जम्मा</td><td></td><td>६५५७४०</td></tr></table>	६५५,७४०
५९	114	२०७८-३-२	**फरक शीर्षक** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली 20७७ को नियम ३९ को अनुसार खर्च शीर्षक परिधिभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । सशर्त अनुदान वापत प्रप्त रकम बजेट तोकिएको कार्यक्रममा मात्र खर्च गर्नुपर्दछ । कार्यालयले आधारभूत तहका शिक्षकको तलव भत्ता भुक्तानी गर्न प्रप्त निकासाबाट स्वास्थ्यकर्मीहरुको तलब वितरण कार्यमा रु. १६,२८,९९६.00 भुक्तानी गरेको छ । यसरी तोकिएको कार्य भन्दा फरक कार्यमा गरेको खर्च अनियमित भएको रु	१,६२८,९९६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६०			**दिवा खाजा** कार्यक्रम कार्यान्वयन पुस्तिका 2077/78 को दफा न. 7.1 मा विद्यालयलाइ दिवाखाजा अनुदान निकासा दिदा स्थानीय तहले विद्यालयको दैनिक हाजिर पुस्तिका, परीक्षामा सामेल भएको दिन समेतको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षबाट प्रमाणित गरा्इ स्थानीय तहमा संकलन गरी संख्या यकीन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था रहेको छ। पहिलो निकासा रकमको सदुपयोग सुनिश्चित भएको यकिन गरी मात्र अर्को निकासा दिने व्यवस्था रहेको छ । कार्यालयले निम्नानुसारका १६ विद्यालयला्इ रु. ३४,५८,२०५।00 दिवा खाजा रकम निकासा गरेको पाइयो । गाउँपालिकाको २०७८।४।१४ को पत्र अनुसार कोरोना महामारीको कारण विद्यालय बन्द भएको अवस्थामा खर्च हुन नसकेको दिवा खाजा रकम विद्यालयलाई फिर्ता पठाउन गरेको पत्राचार गरेकोमा निम्न विद्यालयहरुले रु. ४,५०,९३२।- फिर्ता गरेको पाइएन । उक्त रकम असुल गर्नुपर्ने रु	४५०,९३२

सि.नं.	विद्यालयको नाम	निकासा रकम
1.	शिवशक्ति नमुना मा वि बटेश्वर	१५९०७५
2.	जनजाती रा प्रा वि बटेश्वर	१३१२८०
3.	बौद्ध मन्दीर रा प्रा वि	२२०२०
4.	देवकी नमुना आ वि	१६०३५
5.	राष्ट्रिय प्राथमिक विद्यालय शान्तिपुर	२५०७
6.	कालि जनज्वती रा प्रा वि	७४९८५
7.	राजेश्वरी रानि प्रा वि भुचक्रपुर	१८९०
8.	राष्ट्रिय प्रा वि विजयपुर	४०३५
9.	विपि प्राथमिक विद्यालय	३९१०५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
				जम्मा	४५०९३२		
६१			**बुक कर्नर** गाउँपालिकाले बुककर्नर निर्माणको लागि 31 विद्यालयला्इ रु.९२३३५०.00 निकासा पठाएकोमा निम्न विद्यालयहरुले उक्त रकमबाट विद्यालयले बुक कर्नर तयार गरे नगरेको खुलेको छैन । विद्यालयले उक्त अनुदान रकमबाट तोकिएको कार्य गरेको प्रमाण पेश गर्नुपर्ने रु..				२९४,३००

क्र सं	विद्यालयको नाम	छात्रवृति रकम
१	शिवशक्ति मा वि	२०३४००
२	राजश्वरी रानी आवि	१८६००
३	ममरादे आवि	२९९५०
४	शान्तीपुर मा वि	४२३५०
जम्मा		२९४३००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६२			**ओजेटी** कार्यक्रम कार्यान्वयन निर्देशिका 2077/78 अनुसार गाउँपालिकाले अन द जब ट्रेनिङ्ग कार्यक्रम संचालन गर्न श्री शिवशक्ती नमुना विद्यालयलयको खातामा रु. ११,८५,०००।00 जम्मा गरी खर्च लेखेको छ । उक्त अनुदानबाट विद्यालयले ओजेटि संचालन गरे नगरेको प्रमाण पेश नगरेको तथा उक्त अनुदानबाट शैक्षिक क्रियाकलापमा परेको प्रभाव अनुगमनको मूल्याङ्कन प्रतिवेदन लिने नगरेबाट अनुदानको प्रभावकारिता सम्बन्धमा विश्वस्त हुन सकिएन । अत ओजेटि संचालनका लागि खरिद भएको सिकाई सामग्रीको विलभरपाइ तथा उक्त कार्य भएको प्रमाणित हुने प्रमाण कागजात पेश गर्नुपर्ने रु	१,१८५,०००
६३			**नमूना विद्यालय अनुदान**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६३.१			नगरपालिका अन्तरगतको विद्यालय श्रि शिव शक्ति नमुना विद्यालय बटेश्वरलाई यस आर्थिक वर्षमा नमूना विद्यालयको लागी १५०००००.०० अनुदान निकासा गएको छ। नमूना विद्यालयका लागी गएको निकासको खर्च सम्बन्धमा देखिएका व्यहोराहरु देहायअनुसारका छन	
६३.२			नेपाल सरकार शिक्षा मन्त्रालयद्धारा जारी नमूना विद्यालय व्यवस्थापन निर्देशिका,2074 को नियम 9.1 मा प्रचलित शिक्षा ऐन तथा नियमाबलीमा भएको व्यवस्था अनुसारको बिद्यालय कोष हुने र नमूना विद्यालयको लागी प्राप्त हुने सम्पूर्ण रकम उक्त कोषमा जम्मा हुने व्यवस्था छ तथा उक्त कोषको सञ्चालन प्रधानाध्यापक तथा विद्यालयका लेखा हर्ने कर्मचारीको संयूक्त दस्तखतबाट हुने व्यवस्था रहेको छ । नगरपालिका अन्तरगतको श्री शिव शक्ति नमुना माध्मिक विद्यालय बटेश्वरले यस आर्थिक वर्षमा नमूना विद्यालयकोलागी नगरपालिका मार्फत रु 15000000.00 शसर्त अनुदान प्राप्त गरेको छ। उक्त निर्देशिकामा नमुना विद्यालय कार्यक्रम सम्बन्धी कामको लागि छुट्टै लेखापला नियुक्त गर्नुपर्ने व्यवस्था अनुसार विद्यालयले लेखापालको रुपमा काम गर्न 2076/5/29 मा परशुराम ठाकुरलाई नियुक्ती गरेको देखिएको छ । 2078/1/28 को पत्र अनुसार विद्यालयले नगरपालिकाको निमित प्रमुख प्रशासकिय अधिकृत रुद्र नारायण यादवको सिफारिसमा निमिति प्रधानाध्यापक प्रमोद शरण केवट र शिक्षक शिवशंकर मंडलको नामबाट बैंक खाता संचालन गरेको देखियो। निर्देशिकामा व्यवस्था भए बमोजिम विद्यालयमा लेखापाल नियुक्त भएको अवस्थामा समेत विद्यालयको शिक्षकबाट खाता संचालन गरेको कार्य नियम विपरत देखिएको छ। यसरी नियम विपरीत विद्यालयको खाता संचालन गर्ने विद्यालयको नमूना विद्यालयको लागी सरकारबाट प्राप्त अनुदानको खर्च सम्बन्धमा छानविन हुनुपर्ने रु...	१५,०००,०००
६३.३			नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका 207७/7८ अनुसार कामको प्रगतिको आधारमा निकासा दिई २०७८ आषाढमा कार्यसम्पन्न प्रतिवेदनका आधारमा पुरै निकासा दिने व्यवस्था छ । गाउँपालिकाले निम्न विद्यालयलाई भौतिक पूर्वाधार निर्माण गर्न रु १,५०,००,०००।०० अनुदान भुक्तानी गरेको छ । उक्त अनुदान खर्च गर्दा सार्वजनिक खरीद ऐन, २०६३ तथा नियमावली, २०६४ को व्यवस्था अनुसार खर्च गर्नु पर्ने व्यवस्था छ । सो अनुसारको प्रकृया पुरा गरी विद्यालयले भौतिक पूर्वाधार निर्माण गरे नगरेको विलभरपाई तथा कार्यसम्पन्न प्रतिवेदन पेश गरेको पाइएन । भौतिक पूर्वाधार निर्माण गरेको प्रमाण तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६४			**सामाजिक सुरक्षा** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मितिभित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरी अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय तहको हुने व्यवस्था छ । पालिकाले यो वर्ष सामाजिक सुरक्षा भत्ता वितरण रु. ४,४६,१६,८६७।०० वितरण गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन् -	
६५			**सामाजिक सुरक्षा**	
६५.१			सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २७ बमोजिम नेपाल सरकारको संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाइ तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन ।	
६५.२			सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष (साठी महिना) उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा बा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण क्रममा मुल अभिलेख खाता र आ.व. २०७७।७८ मा लगत कट्टाको विवरण माग भएकोमा उपलब्ध भएन । मुल अभिलेख खाता र लगत कट्टाको स्पष्ट अभिलेख प्रविष्टि नभएकाले दफा १२ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छैन भनी यकिन गर्न सकिएन । यसमा सुधार गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६५.३			सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानिय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था गरेकोमा गाउँकार्यपालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालन गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।	
६६			**सामाजिक सुरक्षा**	
६६.१			सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्याक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउँदै तोकिए बमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।	
६६.२			सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३५ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नु पर्दछ ।	
६७			**भ्रमण अभिलेख तथा प्रतिवेदन** भ्रमण खर्च नियमावली, २०६४ को नियम ४ मा भ्रमण किफायती हुनुपर्ने तथा नियम १८(१) मा भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष भ्रमण खर्च शिर्षकमा भ्रमण प्रतिवेदन लिने गरेको छैन साथै भ्रमण अभिलेख पनि राखेको छैन । भ्रमण अभिलेख र प्रतिवेदन नराखेको अवस्थामा खर्च पुष्टी गर्ने आधार पेश नगरी रु. १८,००,०००।०० खर्च गरेको छ । यस्तो खर्चगर्दा मितव्ययिता पक्षलाई ध्यान दिई भ्रमण प्रतिवेदन लिएर मात्र खर्च गर्नुपर्दछ र भ्रमण अभिलेख समेत राख्नुपर्दछ ।	
६८			**करार सेवा**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६८.१			स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न ११ पदमा १६ जना कर्मचारीहरु करारमा राखी रु. ४४,७५,९००।०० खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।	
६८.२			त्यसैगरी सोही ऐनको दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ५ पद (करार सेवाबाट लिन नमिल्ने पदहरु) मा ६ जना करार कर्मचारी नियुक्ति गरी वर्षभरीमा रु. २१,००,०००।०० भुक्तानी अनियमित देखिएको रु.	२,१००,०००
६९			**कर्मचारी प्रोत्साहन भत्ता** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई संघिय सरकारबाट प्राप्त अनुदान रकमबाट कर्मचारीहरुलाई रु. १७,२५,०००।०० प्रोत्साहन भत्ता खर्च गरेको छ । आन्तरिक आय ज्यादै न्यून रहेको (रु. २० लाख) अवस्थामा यस प्रकारको सुविधा दिन मिल्ने आधार देखिएन । यस्तो खर्चमा नियन्त्रण गर्नेपर्ने देखिएको रु.	१,७२५,०००
७०			**सल्लाहकार** मधेश प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव।सल्लाहकार।वकिल राख्न पाउने व्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ । गाउँपालिकाले कानूनी सल्लाहकारको रुपमा श्री दिपक बहादुर केसीलाई नियुक्त गरी रु. १५६०००।०० भुक्तानी गरेकोमा उक्त खर्च नियमित नदेखिएको रु.	१५६,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७१			**मर्मत** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६(५) मा खर्चको पुष्टयाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष सवारी साधन तथा अन्य मेशिनरी औजार मर्मत शीर्षकबाट रु. १५,३७,४८५।०० खर्च लेखेकोमा मर्मत आदेश संलग्न गरेको देखिएन । साथै मर्मत अभिलेख समेत समेत राखेको छैन । कुन कुन मेशिनरी तथा सवारी साधन मर्मत गरेको हो यकिन गर्ने आधार देखिएन भने मर्मत आदेश आदेश तथा सम्बन्धित उपयोगकर्ताबाट मर्मत सम्पन्न भएको प्रमाणित गराई नराखेकोले मर्मत खर्चको पुष्टी हुने अवस्था नदेखिएको रु.	१,५३७,४८५
७२			**जिन्सी दाखिला** आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ४६ र ४७ मा कार्यालयले खरिद गरी वा अन्य कुनै प्रकारले प्राप्त गरेको जिन्सी मालसामान एक वर्ष भन्दा वढी खप्ने प्रकृतिको भए म.ले.प.फारम नं. ४०८ खप्ने जिन्सी खातामा र नखप्ने प्रकृतिका भए म.ले.प. फाराम नं. ४०७ मा आम्दानी जनाई अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारको रु ६७०,८३४।०० को सामान खरिद गर्दा खरिद आदेश, माग फाराम तथा खरिद गरेका सामानहरु कार्यालयको जिन्सी खातामा दाखिला गरेको छैन । जिन्सी दाखिला गरेको तथा खर्च भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु.	६७०,८३४

गो.भौ.नं. र मिति	फर्मको नाम	विवरण	रकम
२७४।०७८।३।२	आइटी जोन र कम्प्युटर गेलरी	१ थान ल्यापटप र २ थान डेक्टप	१८८०८९
२७५।०७८।३।२	आइटी जोन, कम्प्युटर गेलरी र न्यू सफल इन्टरप्राइजेज	प्रिन्टर तथा कार्टिज लगायतका सामग्री	३९२१११
३०२।०७८।३।१३	श्री जानकी ट्रेडर्स	इन्भटर	५९५५९
३४१।०७८।३।२५	याचना इन्टरप्राइजेज	प्रिन्टर	३१०७५
		जम्मा	६७०८३४

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७३</td><td></td><td></td><td>तलबी प्रतिवेदन
स्थानीय सरकार संचालन ऐन, २०७४ मा अनिवार्य रुपमा प्रत्येक वर्षको तलवी प्रतिवेदन पारीत गराई मात्र तलव भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कर्मचारीलाई तलव भत्ता रु. ९९,९८,०३४।०० भुक्तानी गर्दा तलवी प्रतिवेदन पारित नगराएकोले भुक्तानी भएको तलव तथा ग्रेड भिडान गर्न सकिएन । कार्यालयले अनिवार्य रुपमा तलवी प्रतिवेदन पारित गराई मात्र तलव भत्ता खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७४</td><td></td><td></td><td>विद्युत महशुल
गाँउपालिकाले विद्युत प्राद्यिकिरणलाई समयमा नै विलको रकम भूक्तानी गरी छुट लिनु पर्नेमा निम्नानुसारको बिलमा थप दस्तुर (जरीवाना) खर्च लेखेको रु.
<table>
<tr><th>गो.भौ./मिति</th><th>महिना</th><th>बिल रकम</th><th>थप दस्तुर</th></tr>
<tr><td rowspan="2">७०।२०७७।८।१७</td><td>आश्विन</td><td>८४१६०</td><td>२१०१०</td></tr>
<tr><td>कार्तिक</td><td>३४८४</td><td>३४८</td></tr>
<tr><td rowspan="2">१२३।०७७।१०।१९</td><td>मंसिर</td><td>१८७३८</td><td>४६८५</td></tr>
<tr><td>आश्विन</td><td>१३७१४</td><td>३४२९</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२९४७२</td></tr>
</table></td><td>२९,४७२</td></tr>
<tr><td>७५</td><td>313</td><td>२०७८-३-२०</td><td>बोलपत्र बैठक भत्ता
सार्वजनिक खर्चको मित्तव्ययिता तथा प्रभावकारीता कायम गर्न बनेको मार्गदर्शन २०७५ को बुदा नम्बर २५ मा कार्यालय समयभित्र बसेको कुनैपनि वैठक र एउटै निकायका पदाधिकारी तथा कर्मचारी सम्मिलित बैठकको वैठक भत्ता नपाउने व्यवस्था छ । गाउँपालिकाले विभिन्न मितिमा ७ पटक बोलपत्र प्रस्ताव खोल्न भनी कार्यालय समयभित्रै वैठक बसि १२ कर्मचारी/पदाधिकारीलाई रु ७५६५०।०० बैठक भत्ता भुक्तानी गरेको छ । कार्यालय समयमा बसेको बोलपत्र प्रस्ताव वैठक भत्ता असूल गर्नुपर्ने रु.</td><td>७५,६५०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७६			**गैर सरकारी संस्थाबाट कार्य** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालीम, अभिमुखीकरण, सवलिकरण, मूलप्रवाहीकरण जस्ता कार्य छिटोछरितो, प्रभावकारी र मितव्ययी हुनेभएमा गैरसरकारी संस्थाबाट गराउन सक्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा त्यस्तो कामको लागि लाग्ने रकम को मोटामोटी लागत अनुमान तयार गरी ९९(२) बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सुचिमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तिमा १५ दिनको सूचना प्रकाशन गरी न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको आर्थिक प्रस्ताव स्वीकृत गरी नियमावलीको नियम ९९ बमोजिम मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्था पुरा नभएका निम्नानुसार संस्थाबाट जनचेतना सम्बन्धी तालिम संचालन गरेको छ । सो काम गराउन सक्ने क्षमता तथा अन्य विषयहरु यकिन नगरी निम्नानुसार रु. १४,०६,४८६।- खर्च गरेको छ । स्थानीय जनप्रतिनिधिहरु निर्वाचित भएको ४ वर्ष पछि जनप्रतिनिधिको काम, कर्तव्य जस्तो विषयको अभिमूखिकरण कार्यक्रमको औचित्य समेत देखिएन । यस्तो अनुत्पादक कार्यमा खर्च गरेको अनियमित देखिएको छ रु	१,४०६,४८६

भौ.नं./मिति	फर्मको नाम	कार्यक्रम	रकम
१६९/२०७७/११/१३	मिथिला समाज विकास केन्द्र	उ.स.का पदाधिकारीहरुलाई सकारात्मक सोच सम्बन्धी तालिम कार्यक्रम	२४३९८५
१६७/२०७७/११/११	ग्रामिण क्षेत्र विकास केन्द्र	घरेलु महिला हिंसा नियन्त्रण तालिम	४७९२२२
१८९/२०७७/१२/२३	त्रिरत्न परामर्श सेवा प्रा. लि.	जनप्रतिनिधिहरुको काम, कर्तव्य र अधिकार सम्बन्धी अभिमूखीकरण तालिम	३८७४६२
१९०/२०७७/१२/२३	जन प्ररणा केन्द्र	बालश्रम उन्मूलन सम्बन्धी सचेतनामूलक कार्यक्रम	२९५८१७
	जम्मा		१४०६४८६

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७७</td><td></td><td></td><td>सफ्टवेयर मर्मत
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१) मा खर्चको पुष्ट्याई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायका ४ सफ्टवेयर मर्मत गरी रु. १४,१६,०००।०० खर्च लेखेको छ । उक्त सफ्टवेयर उद्देश्य अनुरुप प्रयोग गरेको देखिएन । आवश्यकता बेगर मर्मत गरिनु नियमति नदेखिएको रु
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>सफ्टवेयर</th><th>भुक्तानी पाउने</th><th>रकम</th></tr>
<tr><td>२४।०७७।७।५</td><td>पेरोल व्यवस्थापन प्रणाली सफ्टवेयर वार्षिक सपोर्ट र परिमार्जित म.ले.प.फा.हरु निर्माण</td><td>सफ्टेक इन्फोसिस प्रा. लि.
(३०१२१२५५७)</td><td>८४०००</td></tr>
<tr><td>९३।०७७।८।२१</td><td>मालपोत तथा भूमीकर र आय लेखा सफ्टवेयरको वेवमा स्तरोन्नती तथा डाटा माइग्रेसन जडान</td><td>शांग्रिला इन्फरमेटिक्स प्रा. लि. (३०१५४४७७३)</td><td>४४००००</td></tr>
<tr><td>२२०।०७८।१।२३</td><td>जिन्सी म्यानेजमेन्ट सिस्टम सफ्टवेयर</td><td>प्रोपर्टी आइ. टी. सोलुसन
(६०९९२६६०४)</td><td>४४६०००</td></tr>
<tr><td>२२१।०७८।१।२३</td><td>इ हाजिरी डिभाइस र सफ्टवेयर</td><td>फुलवारी इन्जिनीयरिङ्ग प्रा. लि. (६०६८३६५६०)</td><td>४४६०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१४१६०००</td></tr>
</table></td><td>१,४१६,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७८	३५१	२०७८-३-२८	**राजश्व परामर्श समिति बैठक भत्ता** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम (वैठक खर्च) खर्च गर्दा उपस्थितिका आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले विभिन्न मितिमा राजस्व परामर्श समितिको वैठक (उपाध्यक्ष को संयोजकत्वमा) बसेको भनि ११ जना कर्मचारी|प्रतिनिधिलाई (उपाध्यक्ष सहित) रु. ५२५००।०० बैठक खर्च भुक्तानी लेखेको छ । उक्त वैठकको उपस्थिति माइन्युटमा संयोजक (गाउँपालिका उपाध्यक्ष) नै अनुपस्थित रहेको देखिएको छ । समितिको संयोजकको अनुपस्थितिमा उक्त वैठक भएको हो भन्न सक्ने आधार देखिदैन । वैठक बसेको प्रमाणित हुने आधार प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.	५२,५००
७९			**लगबुक** सरकारी खर्चमा प्रभावकारिता तथा मितव्ययिता कायम गर्ने मार्गदर्शन, २०७५ अनुसार सरकारी खर्चलाई किफायती गर्ने तरिका सुझाएको छ । लगबुक तथा कुपनको प्रयोग भएको पाइएन । व्यवस्थित ढंगले कुपन तथा लगबुकको प्रयोग गरी आन्तरिक आयलाई मध्यनजर गर्दै यस्ता खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।	
८०	२५७	२०७८-२-२४	**संवेदनशील प्रकृतिको कार्य** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम संवेदनशील प्रकृतिका कार्य उपभोक्ता समितिबाट गराउन नसकिने तथा श्रममूलक कार्य मात्र उपभोक्ता समिति मार्फत गराउन सकिने व्यवस्था छ । गाउँपालिकाले नेपाल विद्युत प्राधिकारणको लागत अनुमानको आधारमा निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार उ.स. बाट वडा नं. ५ का विभिन्न ठाउँमा पोल जडान तथा पोल र तार मर्मत गरेको छ । यस्ता संवेदनशील तथा जयादै न्यून श्रम उपयोग हुने प्रकृतिको प्रकृतिका कार्य उपभोक्ता समितिबाट गराएको कानून सम्मत नदेखिएको रु.	१,०००,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८१</td><td></td><td></td><td>

परामर्श सेवा

सार्बजनिक निकायले सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९२ मा उल्लेख भए बमोजिम परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने ब्यबस्था छ । साथै बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना एवम डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस कार्यालयले देहाय बमोजिमको कार्यको लागि परामर्शको सेवा लिई विस्तृत योजना प्रतिवेदन तयार गरेको छ । उक्त परामर्श सेवाको लागि तयार गरेको लागत अनुमानको नर्म्सको आधार स्पष्ट हुन आएन । साथै गाँउपालिकाले सो सम्बन्धमा नर्म्स तयार गरेको समेत देखिएन । जसबाट बास्तबिक तथा मितब्ययी ढंगबाट खर्च भएको छ भन्ने आधार भएन । नर्म्स निर्देशिकाको पुष्ट्याइ समेत नभएकोले नियमित नदेखिएको साथै ती योजनाको लागि यो वर्ष बजेट विनियोजन नभएकोले कार्यान्वयन हुन नसक्ने योजनाको डि.पि.आर. तयार गरी परामर्श सेवामा खर्च गरेको उपयुक्त नदेखिएको रु

<table>
<tr><th>क्र.सं.</th><th>योजनाको नाम</th><th>परामर्शदाता</th><th>स्वीकृत बजेट</th><th>परामर्श सेवा खर्च</th><th>कैफीयत</th></tr>
<tr><td>१</td><td>१० बेडेड हस्पिटल</td><td>किरु इन्जिनियरीङ्ग कन्सल्टेन्ट प्रा. लि.</td><td></td><td>९०६६४५</td><td rowspan="2">लागत अनुमानको आधार नभएको</td></tr>
<tr><td>२</td><td>महादेव मन्दिर विकास</td><td>नेक्स्ट कन्सल्ट प्रा. लि.</td><td></td><td>१४९८०९७</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>२४०४७४२</td><td></td></tr>
</table>

</td><td>२,४०४,७४२</td></tr>
<tr><td>८२</td><td></td><td></td><td>

जिन्सी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमाली, 2076 को नियम ८६ मा लेखा परीक्षणमा आम्दानी र खर्चको श्रेस्ता पेश गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले लेखापरीक्षण क्रममा जिन्सी स्रेस्ता पेश नगरेको र आर्थिक वर्ष भरी खरिद गरेको तथा अन्य विधिबाट कार्यालयमा प्राप्त गरेको जिन्सी मालसामानको आम्दानी खातामा आम्दानी जनाइको देखिएन । यसरी जिन्सी श्रेस्ता नराखी खरिद गरेको सामानको आम्दानी नजनाउँदा कार्यालयको सामानको हिनामिना हुनसक्ने देखिन्छ । यसरी जिन्सी श्रेस्ता अद्यावधिक नगर्दा कार्यालयमा भएको सम्पतिको एकीन तथा भिडान गर्न सकिएन । कार्यालयमा भएको यस्तो अनियमित कार्यला्इ छानविन गरी खरिद गरको तथा कार्यालयमा भएको जिन्सी माल सामानको यकिन हुने जिन्सी दाखिला र जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्दछ।

</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८३			**कच्चावारी** अघिल्लो आर्थिक वर्षमा भुक्तानी हुनुपर्ने रकम कुनै कारणबस भुक्तानी हुन वाँकी रहेमा महालेखापरीक्षकको फाराम नम्बर २२१ (भुक्तानी हुन बाँकीको कच्चाबारी) भरी प्रमाणित गराएर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले २०७६।७७ मा स्वास्थ्य तर्फका कर्मचारीहरुको तलव रु २६७४३८८।०० भुक्तानी हुन बाँकीको कच्चाबारी संलग्न नगरी यो आ.व. मा भुक्तानी दिएको छ । भुक्तानी हुन बाँकीको कच्चावारी संलग्न नगरी अघिल्लो आर्थिक वर्षको जोखिम भत्ता भुक्तानी गरेकोले उक्त रकम अनियमित भएको रु	२,६७४,३८८
८४			**खर्चको पुष्ट्याईँ** प्रदेश आर्थिक कार्यविधि नियमावली, 2074 तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१)मा कार्यालयले खर्च लेख्दा खर्चको बिलभरपा्इ सहित लेखा राख्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले निम्नानुसार रु. 35,98,955।०० खर्च लेखेकोमा खर्च पुष्ट्याइ गर्ने गोश्वारा भौचर लगायत विल भर्पाइ प्रमाण लेखापरीक्षणमा पेश भएन । खर्चला्इ पुष्टया्इ गर्ने आधार प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु	३,५९८,९५५

भौ नं र मिति	विवरण	भुक्तानी पाउनेको नाम	नपुग कागजात	रकम रु
१६२।०७८।३।३०	शिक्षा शसर्त	नखुलेको	गो भौ तथा विल भरपाई	३३००००००
११६।०७८।३।२	पशु सशर्त	पशु प्राविधिकको तलव	विल भरपाई	२१२८८०
१६।०७७।७।१८	अनुगमन मूल्याङ्कन खर्च	आविद हुसेन	भ्रमण प्रतिवेदन	५८६००
५१।०७७।१०।२१	आयुर्वेद योग शिविर सञ्चालन	आविद हुसेन	विल भरपाई तथा कार्यक्रमको प्रतिवेदन	२७४७५
जम्मा				३५९८९५५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८५			**तलवी प्रतिवेदन** स्थानीय सरकार संचालन ऐन, 2074 मा अनिवार्य रुपमा प्रत्येक वर्षको तलवी प्रतिवेदन पारीत गराई मात्र तलव भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्वास्थ्य सेवाका कर्मचारीलाई तलव भत्ता रु. १२६७४३८८।00 भुक्तानी गर्दा तलवी प्रतिवेदन पारित नगराएकोले भुक्तानी भएको तलव तथा ग्रेड भिडान गर्न सकिएन । कार्यालयले अनिवार्य रुपमा तलवी प्रतिवेदन पारित गराई मात्र तलव भत्ता खर्च लेख्नुपर्दछ ।	
८६			**औषधि खरिद**	
८६.१	19	२०७७-७-२३	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले उक्त प्रक्रिया वेगर मेडिगोल्ड इन्टरनेशनल प्रा लि बाट रु. १३६९१८६।00 को औषधि सोझै खरिद गरेको छ । खरिद गरेको औषधिको वितरण भर्पाइ पेश गरेको छैन । खरिद गरेको औषधिको वितरण भर्पाइ पेश गर्नुपर्ने रु...	१,३६९,१८६
८६.२			खरिद गरेका उक्त औषधि कुन कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, आपूर्ति भएका औषधि एंवम् सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेसिफिकेसन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकीन गर्न सकिएन ।	
८६.३			औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने गरेको छैन । औषधिको खर्च घटाउँदा मागफारामको आधारमा घटाउनुपर्ने एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको, नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८७			**गुणस्तर परीक्षण** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले सम्झौता गरेका योजना तथा आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयबाट सम्झौता तथा खरिद गरिएका योजना, मेसिनरी औजारहरुको भुक्तानी गर्दा गुणस्तर परीक्षण गरी प्रतिवेदन प्राप्त भएपछिमात्र भुक्तानी दिने व्यवस्था मिलाउनुपर्दछ ।	
८८			**योजनाहरुको अनुगमन तथा मुल्याँकन** गाँउपालिकाले यसवर्ष अधिकांश निर्माण कार्य उपभोक्ता समितबाट गराएको छ । यसरी गरिएका निर्माण कार्यको अनुगमन स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १६(४) ख (४)मा गाउँपालिका उपाध्यक्षले योजना तथा कार्यक्रमको अनुगमन गरी प्रतिवेदन पेश गर्ने व्यवस्था छ । । सो अनुसार गाँउपालिकाको उपाध्यक्षको संयोजकत्वमा अनुगमन गरी सम्पन्न निर्माण कार्यको भुक्तानीका लागि सिफारिस गर्ने गरेको छ । अनुगमन पश्चात दिएको केही प्रतिबेदनमा योजनाको कार्यान्वयनको पुष्टयाई गर्ने तस्वीर, अनुगमनका क्रममा देखिने त्रुटी लगायतको कुराहरु उल्लेख भएपनि अधिकाँस योजनामा सुधारको निर्देशन लगायतका बिबरणहरु नदेखिनाले बास्तबिक लागत अनुमान तथा उद्वेश्य अनुरुप कार्यक्रम सँचालन तथा सम्पन्न भएको तथा अनुगमन वास्तबिक भन्दा प्रकृयामुखि मात्र भएको छैन भन्न सकिएन । साथै केही योजनाहरुको सम्बन्धमा अनुगमन प्रतिबेदन समेत सँलग्न गरको देखिएन ।सम्पुर्ण भौतिक पूर्वाधार योजना तालिम कार्यक्रम , बितरणमुखी कार्यक्रम तथा क्षमता बिकास कार्यक्रमहरुको समेत अनुगमन तथा निरीक्षण गरी श्रोत साधनको सदुपयोग सम्बन्धमा बिश्लेशण गर्नुपर्दछ । अतः ऐन कानुनले व्यबस्था गरे अनुसार कामको गुणस्तर कायम भए नभएको सम्बन्धमा प्राविधिक एवं अनुगमन कार्यलाई जिम्मेबार बनाई निर्माण तथा अन्य कार्यको गुणस्तर कायम हुनुपर्दछ ।	
८९			**योजना कार्यान्वयन र प्रकृति** योजना र कार्यान्वयनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो अनुसार दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयार गरेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९०			**लागत अनुमान** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने व्यबस्था रहेको र उपनियम २ मा उक्त लागत अनुमान तयार गर्दा प्रयोग गरिने नम्स सम्बन्धी व्यबस्था रहको छ । गाँउपालिकाले सँचालन भएका योजनाहरुको लागी आफ्नै छुट्टै नर्म्स नभएकोले स्थानिय पुर्बाधार तथा बिकास बिभागको नर्मस प्रयोग भएको जनाएको छ । साथै केही योजनाहरुमा एक भन्दा बढी निकायको नर्मस प्रयोग गरी लागत अनुमान तयार गरेको देखियो । गाँउपालिकाले स्थानिय श्रोत साधन, श्रमशक्ति तथा निर्माण सामाग्रीको उपलब्धता समेत बिश्लेशण गरी किफायति नर्मसको प्रयोग गर्नुपर्दछ ।	
९१	365	२०७८-३-३०	**आकस्मिक लाभ कर** आयकर ऐन २०५८ को दफा ८७ पुरस्कार रकममा आकस्मिक लाभकर कट्टि गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाका कार्यालय सहयोगि शत्रुधन मण्डलले फुटवल कार्यक्रम सञ्चालन गर्न लिएको रु. २५००००।०० पेश्की फस्यौट गर्दा उक्त फुटवल कार्यक्रममा प्रथम द्वितिय र तृतिय हुने देहायका विजेता टोली प्रमुखहरुलाई रु.८००००।०० पुरस्कार भुक्तानी दिएको छ । पुरस्कार वित्तरण गर्दा आकस्मीक लाभकर (२५%) ले हुने रु २००००।०० कट्टी गरेको पाइएन । आकस्मिक लाभकर असुल गर्नुपर्ने रु	२०,०००

क्र सं	पुरस्कार पाउनेको नाम	पुरस्कार रकम	आकस्मिक लाभ कर रु
१	विनोद राय	४००००	१००००
२	राकेश चौधरी	२००००	५०००
३	राजेन्द्र राय	२००००	५०००
जम्मा		८००००	२००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९२			**खर्चको पुष्टयाई** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा प्रमाण कागजात तथा विल भरपाई राखी खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको रु ४०३४९७५।०० भुक्तानी गर्दा आवश्यक प्रमाण कागजात संलग्न गरेको छैन । खर्चको पुष्ट्याई हुने प्रमाण पेश हुनुपर्ने अन्यथा	४,०३४,९७५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			असुल हुनुपर्ने रु.	

भौ नं मिति	भुक्तानी पाउने	प्रयोजन /विवरण	नपुग कागजात	भुक्तानी रकम
११४। ०७७। १०।१६	नखुलेको	न्यायिक समितिको संचालन खर्च	विल भरपाई	२५२५०
११५। ०७७। १०।१६	नखुलेको	वडा कार्यालयको प्रशासनिक खर्च	विल भरपाई	७००००
१७२। ०७७। ११।१३	नखुलेको	नखुलेको	विल भरपाई भन्दा बढी भुक्तानी	३०७२२
२१७। ०७८। १।२०	वेव सर्फर नेपाल कम्युनिकेशन सिस्टम प्रा लि	इन्टरनेट शुल्क	विल भरपाई भन्दा बढी भुक्तानी	४५८७२
३२७। ०७८। ३।२३	शुभम मोटर पाट्स	सवारी साधन मर्मत खर्च	मर्मत आदेश	५८२००
२७९। ०७८।	इन्फोसेक मोटर्श	मेशिनरी औजार मर्मत	मर्मत आदेश तथा लागत स्टिमेट	९९६६६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
			३।३					
			२८९।०७८।३।४	न्यू सफल इन्टरप्राइजेज	मेशिनरी औजार मर्मत	मर्मत आदेश तथा लागत स्टिमेट	९९८९२	
			३४८।०७८।३।२९	नव दुर्गा मेडिकल हल	औषधि खरिद	दाखिला तथा हस्तान्तरण फाराम	४९९३६५	
			१९२।०७७।१२।२३	नखुलेको	नखुलेको	श्रेस्ता पेश नभएको	५०००००	
			३३१।०७८।३।२४	दिनेश जनरल सप्लायर्स	झुल खरिद	वित्तरण भरपाई	४९९४६०	
			५८।०७७।८।१५	निर्गुण कुमार महतो	वैठक भत्ता	भरपाई र माइन्युट	४००००	
			३५५।०७८।३।२०	सुरेस कुमार महतो	खेलकुद सामग्री खरिद	दाखिला प्रतिवेदन तथा हस्तान्तरण फाराम	१८५०००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
			३५६।०७८।३।२२	नमोबुद्ध कृषक सहककारी संस्था	अनुदान भुक्तानी	विल भरपाई	३०००००	
			३६०।०७८।३।३०	दुधमती मिडिया प्रा लि	गाउँपालिकाको रुपरेखा प्रशारण	दिनको १ घण्टाका दरले ३० श्रङ्खला रेडियो कार्यक्रम प्रशारण खर्च कोटेशन विनानै रु.४९८३३०।०० भुक्तानी भएकोले उक्त खर्चको नम्स निर्देशिका समावेश गर्नुपर्ने ।	४९८३३०	
			२८४।०७८।३।३	दिनेश जनरल सप्लायर्स	मसलन्द तथा सामग्री खर्च	दाखिला प्रतिवेदन तथा कोटेशन	४६८४२४	
			१४६।०७७।१०।२७	सुलेखा कुमारी महतो	कर्मचारीहरुलाई बजेट तर्जुमा सम्बन्धी तालिम	कार्यक्रम कार्ययोजना तथा कार्यसम्पन्न प्रतिवेदन	२०००००	
			१५३।०७७।१०।२८	कौशल किशोर महतो	खेलकुद कार्यक्रम वडा २	कार्यक्रम कार्ययोजना तथा कार्यसम्पन्न प्रतिवेदन	३०००००	
			२३१।०७८।२।३	राजाराम हार्डवेयर	कल जडान	जडान प्रतिवेदन	११४७९४	
						जम्मा	४०३४९७५	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९३</td><td>322</td><td>२०७८-३-२२</td><td>न्यायीक समिति बैठक भत्ता
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा उपस्थितिका आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले न्यायिक समितिको वैठक भत्ता खर्च लेख्दा २०७७ असोज ३० गतेको २ वटा वैठक माइन्युट समावेश गरी वैठक भत्ता भुक्तानी लिएको पाइयो । एकै मितिमा २ पटक बैठक बसेको भनि भुक्तानी भएको रु. ५१००।- असुल हुनुपर्ने रु.
<table>
<tr><th>पदिधिकारीको नाम</th><th>पद</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>श्री प्रमिला गिरी</td><td>उपाध्यक्ष</td><td>८५०</td></tr>
<tr><td>श्री रुद्र नारायण यादव</td><td>नि प्रप्रअ</td><td>८५०</td></tr>
<tr><td>श्री सुमन कुमार पुरी</td><td>लेखा अधिकृत</td><td>८५०</td></tr>
<tr><td>श्री हिरालाल महतो</td><td>कर्मचारी</td><td>८५०</td></tr>
<tr><td>श्री पुस्पलाल महतो</td><td>कर्मचारी</td><td>८५०</td></tr>
<tr><td>श्री निर्गुण कुमार महतो</td><td>कर्मचारी</td><td>८५०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>५१००</td></tr>
</table></td><td>५,१००</td></tr>
<tr><td>९४</td><td></td><td></td><td>खाना तथा विविध खर्च
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. १७,१३,०००।०० खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>९५</td><td></td><td></td><td>भुक्तानी दिन बाँकीको कच्चावारी</td><td>७,२६४,३१०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			अघिल्लो आर्थिक वर्षमा भुक्तानी हुनुपर्ने रकम कुनै कारणबस भुक्तानी हुन बाँकी रहेमा महालेखा परीक्षकको फाराम नम्बर २२१ (भुक्तानी हुन बाँकीको कच्चाबारी) भरी प्रमाणित गराएर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले २०७६।७७ निम्नानुसार खर्च रु.७२६४३१०।०० भुक्तानी हुन बाँकीको कच्चाबारी संलग्न नगरी यो आ.व. मा भुक्तानी दिएको छ । भुक्तानी हुन बाँकीको कच्चावारी संलग्न नगरी अघिल्लो आर्थिक वर्षको दायित्व यो वर्ष भुक्तानी गरेकोले उक्त खर्च अनियमित देखिएको रु.	

गो.भौ./मिति	विवरण	रकम
४।०७७।६।२८	पदाधिकारीहरुको २०७६ कार्तिक देखि २०७७ असोज सम्मको तलब र भत्ता भुक्तानी	६०५९७४७
७।०७७।६।२९	आ.व. २०७६/७७ को कर्मचारीहरुको संचयकोष ना ला कोष लगायतका रकम बैङ्क दाखिला	४५८४४४
१८।०७७।७।५	आ.व. २०७६/७७ को मसलन्द तथा कार्यालय सामाग्री खरिदको एकमुष्ठ विवेक जनरल स्टोर (६१२१८९६४१) लाई भुक्तानी (मू.अ. करमा दर्ता नभएको)	३२१११०
७१।०७७।८।१७	आ.व. २०७६/७७ को दिपेश जेनरल सप्लायर्सको मु.अ.कर दाखीला	२८६००
७२।०७७।८।१७	आ.व. २०७६/७७ को टि डि एस बैंक दाखिला	५७९०
७३।०७७।८।१७	आ.व. २०७६/७७ को कोशी ग्राउण्डवाटरको मु.अ.कर रकम दाखिला	१६४२४६
७४।०७७।८।१७	आ.व. २०७६/७७ को सौर्य इनर्जी प्रा.लि. को मु.अ.कर रकम बैंक दाखिला	२८२१९

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७५।०७७। ८।१७</td><td>आ.व. २०७६/७७ को जनकपुर कन्सट्रक्सन एण्ड ट्युवेल ड्रिलिङ्गको मुअकर रकम बैंक दाखिला</td><td>१७६००२</td></tr>
<tr><td>७६।०७७। ८।१७</td><td>आ.व. २०७६/७७ को जनकपुर टुडे मिडिया ग्रुपको मुअकर रकम बैंक दाखिला</td><td>२२१५२</td></tr>
<tr><td>जम्मा</td><td></td><td>७२६४३१०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९६</td><td></td><td></td><td>दहत्तर बहत्तर</td><td></td></tr>
<tr><td>९६.१</td><td></td><td></td><td>नदिजन्य पदार्थ विक्री: बट्टेश्वर गाउँपालिका क्षेत्र भएर वग्ने औरही, बसही, सुखजोड, विग्ही र बडहरी खोलाबाट आई.ई. प्रतिवेदन अनुसार प्रत्येक वर्ष ३९२१६ घनमिटर ढुंगा वालुवा, गिटी उत्खनन् गर्न सकिनेमा गाउँपालिकाले उत्खनन गर्न सकिने ढुंगा, गिटी, वालुवाको सीमा निर्धारण नगरी मिति २०७७।८।११ मा सुख्खाजोर, औरही र बडहरी खोलाको उत्खनन कार्यको लागी राजधानी दैनिकमा प्रकाशित सूचना बमोजिम पर्न आएका बोलपत्रदाता मध्ये सबैभन्दा बढि कवोल गर्ने निम्न फर्म संग मिति २०७७माघ २३ देखि २०७८जेष्ठ मसान्त सम्मका लागि उत्खनन विक्री वितरणको लागि सम्झौता भएकोमा देखिएको व्यहोरा देहायबमोजिम रहेका छन् :
<table>
<tr><th>सि.नं.</th><th>खोला</th><th>फर्मको नाम</th><th>कवोल अंक</th></tr>
<tr><td>१</td><td>सुखजोड खोला</td><td>सत्यम शिबम निर्माण सेवा मिथिला ६</td><td>९५१०००</td></tr>
<tr><td>२</td><td>बडहरी खोला</td><td>,,</td><td>२५५१०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>३५०२०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सम्झौताको बुँदा नम्बर २ मा निकासी पैठारी भएको नदिजन्य पदार्थको बट्टेश्वर गाउँपालिकाले तोकेकोमा सो बमोजिम र नतोकिएकोमा प्रचलित दरवन्दी बमोजिम लाग्ने कर महसुल उठाउने उल्लेख भएकोमा गाउँपालिकाले दर तोकेको पाइएन । जसले गर्दा फर्महरुले कुन दररेटमा कति रसिद प्रयोग गरी कर संकलन गर्यो सो यकिन गर्न सकिएन । यस सम्बन्धमा छानविन गरी एकिन गर्नुपर्दछ ।
IEE रिर्पोट अनुसार प्रत्येक वर्ष २१६०० घनमिटर गिटी, बालुवा, रोडा संकलन गर्न सकिनेमा ठेक्का बन्दोबस्तको लागि प्रकाशित सूचनामा कति परिमाणमा गिटी, बालुवा, रोडा संकलनको लागि ठेक्का लागेकोमा कति परिमाण उत्खनन भयो त्यसको चलानी तथा अनुगमन रिर्पोट समेत पेश नभएकोले संकलन परिमाण यकिन गर्न सकिएन । उत्खनन परिमाणको अभिलेखाङ्कन र अनुगमन नहुँदा अत्याधिक दोहन हुन सक्ने सम्भावना रहन्छ । त्यसमा नियन्त्रण गर्नुपर्दछ । प्रत्येक वर्ष 4,21,964.16 क्युविक फिट गिटी, बालुवा, रोडा संकलन गर्न सकिनेमा ठेक्का बन्दोबस्तको लागि प्रकाशित सूचनामा कति परिमाणमा गिटी, बालुवा, रोडा संकलनको लागि ठेक्का लागेकोमा कति परिमाण उत्खनन भयो त्यसको चलानी तथा अनुगमन रिर्पोट समेत पेश नभएकोले संकलन परिमाण यकिन गर्न सकिएन । उत्खनन परिमाणको अभिलेखाङ्कन र अनुगमन नहुँदा अत्याधिक दोहन हुन सक्ने सम्भावना रहन्छ । त्यसमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>९६.२</td><td></td><td></td><td>बट्टेश्वर गाउँपालिका क्षेत्रभित्रका २ नदीहरुमा ढुङ्गा, गिटी, उत्खनन्, संकलन र ढुवानी कार्यका लागि २०७७।९।१७ मा भएको सम्झौता कबुलियतनामा अनुसार गाउँपालिकामा बुझाउनुपर्ने रकम नबुझाएको हुँदा प्रचलित कानुन बमोजिम जरिवाना सहित असुल हुनुपर्ने रु.
<table>
<tr><th>ठेक्का नम्बर</th><th>नाम</th><th>सम्झौता रकम</th><th>बुझाएको रकम</th><th>बैक जमानत जफत रकम
(मिति २०७८।७। २२)</th><th>सम्झौता अनुसार नबुझाएको रकम</th></tr>
<tr><td>1 सुखजोड खोला तथा बडहरी खोला</td><td>सत्यम शिबम निर्माण सेवा मिथिला ६</td><td>३५०२०००</td><td>९०००००</td><td>१२७५५००</td><td>१३२६५००</td></tr>
</table></td><td>१,३२६,५००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९६.३			ठेक्का स्वीकृत भए पश्चात कबुल रकमको १३% मूल्य अभिवृद्धि कर र १.5% अग्रिम आयकर असुल गरी दाखिला गर्नुपर्ने व्यवस्था छ । सो अनुसार कार्यालयले कवोल रकम रु.३५,०२,000। को 13% ले हुने मूल्य अभिवृद्धि कर रु.४,५५,२६0। र अग्रिम आयकर रु.५२,५३०। समेत रु.५,०७,७९0। रअसुल गरी दाखिला नगरेकोले सम्बन्धित फर्मबाट असुल गरी दाखिला गर्नुपर्ने रु.	५०७,७९०
९६.४			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । पालिकाले उठ्नुपर्ने रकमको लगत तयार गरेको छैन । प्राप्त भएको रकम मात्र आम्दानी गर्ने गरेको छ । आय ठेक्का, सम्पत्ति बिक्रि, मालपोत, अन्तशुल्क, आय ठेक्का, कर दस्तुरको वडागत लगत तयार नगरेवाट वक्यौता देखिन सक्ने अवस्था रहेन । राजश्व असुलीलाई व्यवस्थित गर्नुपर्दछ ।	
९७			**बिभाज्य कोषमा रकम बाँडफाँड** स्थानीय तहहरूको विभाज्य कोष – प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुलक तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेको देखिएन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ । यस वर्ष खोला ठेक्का वापत असुली रु २१७५५०० ।- को ४०% ले हुने रु ८७०२००।- प्रदेश संचित कोषमा जम्मा गर्नुपर्ने रु	८७०,२००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९८			**गाँउपालिकाको आन्तरिक आय** आन्तरिक आय : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले राजस्व आम्दानीतर्फ म.ले.प.फा.नं. १०८, १०८क र २३ राखेको देखिएन। ऐनको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ का नयाँ संशोधित फारम राखी राजस्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ । कार्यालयले आन्तरीक आम्दानीको लागी सफ्टबेयर प्रयोग गरेको जनाएकोमा सो को प्रतिबेदन पेश हुन नआएको तथा सम्बन्धित वडाहरुबाट प्राप्त वैंक भौचरलाई दैनिक आम्दानी रजिष्टरमा पोष्टिङ्ग नगरी वैंकमा आम्दानी भएको र राजस्व असूल गर्ने व्यक्तिको जम्मा गर्न ल्याएको आधारमा आम्दानी वाँधेकोले खातासंग भिडान गर्न सक्ने अवस्था देखिएन। साथै बडागत रुपमा कति नम्बरदेखी कति नम्बरसम्म राजस्ब आम्दानीको रसिद प्रयोग गरी भएको हो सो को अभिलेख समेत राखेको देखिएन। यसबाट राजश्व चुहावट हुन सक्ने देखिएकोले प्रयोग भएको सफ्टबेयर मा राजस्व रसिदको नम्बरको अभिलेखाँकन हुने गरी बिश्बसनिय सफ्टबबेयरको प्रयोग गर्नुपर्दछ । कार्यालयमा ट्याकटर ,जेसिबि मेसिन लगायतको सामाग्री रहेको उक्त सामाग्री मर्मत सम्भारमा रु ४४०००० खर्च समेत लेखेको तर आम्दानीको अभिलेख नभएको ,वडागत रुपमा सिफारिस दस्तुर लगायतको राजस्व उठ्ने गरेकोमा सो को बिश्वसनिय अभिलेखाँकन नभएकोले आन्तरिक आम्दानी यकिन गर्ने अबस्था रहेको देखिएन। यस सम्बन्धमा छानबिन गरी आन्तरित आय यकिन गर्नुपर्ने देखिएको रु	२,०००,४५०
९९			**धरौटी** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८ मा धरौटी स्रेस्ताको अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष रु. १२,३७,६३९।०० धरौटी फिर्ता गरेको छ । धरौटी फिर्ता गर्दा स्रेस्तासाथ त्रुटी सच्याउने अवधिभित्र त्रुटिहरु सच्याएको प्रमाण सहित तथा कार्यसम्पन्न प्रतिवेदन समावेश गरेको छैन । तसर्थ, कार्यसम्पन्न प्रतिवेदन प्रमाण पेश गर्नुपर्ने रु.	१,२३७,६३९

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१००</td><td></td><td></td><td>

पेश्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम बमोजिम आर्थिक वर्ष भित्रै पेश्की फस्यौट गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहायअनुसार रु. ३०,८८,०००।०० पेश्की फस्यौंट गरेको देखिएन । नियमानुसार पेश्की रकम असूल फस्यौंट गर्नुपर्ने रु.

<table>
<tr><th>सि नं</th><th>गो भौ नं मिति</th><th>पेश्की लिनेको नाम</th><th>पेश्की प्रयोजन</th><th>पेश्की रकम</th></tr>
<tr><td>१</td><td>१।०७७।४।१</td><td>आकृति निर्माण सेवा प्रा लि</td><td>गैर आवासीय भवन निर्माण र वडा न १ र २ को सिमामा पर्ने सडकककाे आरसिसि निर्माण</td><td>३०३८०००</td></tr>
<tr><td>२</td><td>४३।०७७।७।२६</td><td>श्री काली जनज्योति राष्ट्रिय आधारभूत विद्यालय</td><td>उदार राहत तथा पुनस्थापना खर्च</td><td>५००००</td></tr>
</table>

</td><td>३,०८८,०००</td></tr>
<tr><td>१०१</td><td></td><td></td><td>

अनुगमन तथा सम्परीक्षण

अनुगमन तथा सम्परीक्षण– स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । गाँउपालिकाबाट बेरुजु फछ्ंयौट सम्बन्धमा अनुरोध हुन आएन । पालिकाबाट गत विगत वर्षको बेरुजू फछ्र्यौटको तथा अध्यावधिक बेरुजूको स्थिति निम्नानुसार देखिएको छ । बेरुजु फछ्ंयौट तर्फ गाँउपालिकाले सकृयता देखाउनुपर्दछ ।

रु हजारमा

<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्याविधक बाँकी बेरुजू(E=A-B+C+D)</th></tr>
<tr><td>१०१०२२</td><td>०</td><td>१६२०१९</td><td>-</td><td>२६३०४१</td></tr>
</table>

</td><td></td></tr>
</table>